जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ • अंक ७० • २०८० साल साउन १३ गते शनिबार (29 July, Saturday, 2023) • पृष्ठ ८ • मूल्य रु. ५।-

# मधेश प्रदेश सरकारले आइतबार पूर्णता पाउने

## कांग्रेसबाट गृहमा मो.समिम , राज्यमन्त्रीको खोजी, यातायातमा साह

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारलाई आइतबार पूर्णता दिने तयारी मुख्यमन्त्री सरोजकुमार यादवले गरेका छन् । प्रदेश सरकारमा २ वटा मन्त्रालय रिक्त छन् । २ जना मन्त्री बिना विभागीय छन् । उच्चस्रोतका अनुसार गृह, सञ्चार तथा कानुन मन्त्रालय कांग्रेसको भागमा परेको छ । त्यसमा मोहम्मद समिम मन्त्री बन्ने भएका छन् ।

सप्तरी जिल्लाको निर्वाचन क्षेत्र नम्बर ३ को क बाट निर्वाचित समिमलाई मन्त्री बनाउने जानकारी मुख्यमन्त्री यादवलाई गराइएको छ ।

स्रोतका अनुसार कांग्रेस संसदीय दलका नेता समेत रहेका भौतिक पूर्वाधार विकास मन्त्री कृष्णा यादवले मो. समिमलाई मन्त्री बनाउन सिफारिस गरेका छन् । कांग्रेस मधेश प्रदेश संसदीय दलको चुनावमा मो.समिमले कृष्णा यादवलाई मतदान गरेका थिए । यादव निकट रहेका समिमलाई गृह मन्त्रालयको जिम्मेवारी दिने सहमति भइसकेको छ ।

कांग्रेसको भागमा परेको राज्यमन्त्रीको भने अझै टुंगो लागिसकेको छैन् । राज्यमन्त्रीका लागि धनुषाका शेषनारायण यादवको नाम प्रस्ताव गरे पनि उनले अस्वीकार गरिसकेका छन् । यादवलाई अर्को चरणमा मन्त्री बनाइने आश्वासन दिएको उच्च स्रोतले जनाए ।

तर,भौतिक पूर्वाधार मन्त्री यादवले सरकारमा पठाउने सभासदको टुंगो अझै लागि नसकेको बताएका छन् । मन्त्रीका लागि योग्य सभासदहरु धेरै भएकाले छनोटमा कठिनाइ भएको उनले बताए

स्रोतका अनुसार धनुषाबाट महिलालाई राज्यमन्त्री दिने सम्भावना छ । प्रदेशको राजधानी धनुषामा भए पनि सरकारमा भने प्रतिनिधित्व छैन् । सरकारमा ६ वटा पार्टी रहेका छन् । तर कुनै दलले धनुषाका सभासदहरुलाई सरकारमा पठाएको छैन् ।





जनता समाजवादी पार्टी( जसपा)को कोटामा मन्त्री बनेकी सुरिता साहलाई श्रम तथा यातायात मन्त्रालयको जिम्मेवारी दिने भएको छ । हाल उनी बिना विभागीय मन्त्री छन् । सामाजिक विकास मन्त्रीको रुपमा शपथ लिएकी साहको मन्त्रालय विभाजित भएपछि उनी विभागविहीन भएकी थिइन् । दुई महिना भन्दा बढी समयदेखि विभागविहीन रहेकी साहलाई श्रम तथा यातायात मन्त्रालयको जिम्मेवारी दिने स्रोतले जनाएका छन् । शेष अबुलकलाम आजाद( फूलबाबु)पनि सो मन्त्रालयमा राज्यमन्त्री रहने बताइएको छ । साहसँगै उनी पनि बिना विभागीय राज्यमन्त्री बनेका थिए ।

गृह, सञ्चार तथा कानुन मन्त्रालय र श्रम तथा यातायात मन्त्रालयको जिम्मेवारी हाल मुख्यमन्त्री यादवले सम्हाल्दै आएका छन् । प्रदेशमा प्रहरी समायोजन नभएकाले गृह मन्त्रालय आकर्षणविहीन रहेको छ । तुलनात्मक रुपमा बजेट पनि कमै रहेको छ । गृह मन्त्रालय भए पनि मातहतमा प्रहरी प्रशासन नभएकाले त्यो मन्त्रालय लिन सभासदहरुले रुची देखाउने गरेका छैनन् । यस अघि सो मन्त्रालय एमालेको भागमा रहँदा शत्रुधनप्रसाद सिंह कोइरी मन्त्री रहेका थिए ।

गत जेठ ११ गते उनको विभाग खोसिएको थियो । उनीसँगै बिना विभागीय बनेका मन्त्री वसन्त कुशवाहालाई भने हटाइने छ । उनको पद आइतबार खोसिनेछ । प्रारम्भमा कृषि मन्त्री बनाइएका कुशवाहाले सरकार विरुद्ध अभिव्यक्ति दिन थालेको आरोप छ । उनले उच्च पदस्थ कर्मचारीलाई समेत अनुचित लाभका लागि धम्काएको आरोप लागेको छ ।

कुशवाहालाई हटाइए पनि जनमत पार्टी भने सरकारमा रही रहने छ । शिक्षा मन्त्रालयमा प्रशंसनीय कार्यसम्पादन गरिरहेका मन्त्री महेश यादव यथावत रहने स्रोतले जनाएका छन् । उनी संसदीय दलका नेता पनि छन् ।

बिना विभागीय मन्त्री कुशवाहालाई बस्ने कार्यालय समेत रहेको छैन् । बिना विभागीय मन्त्रीलाई मुख्यमन्त्रीको सहयोगीको रुपमा राख्ने चलन रहे पनि फरक दलका भएकाले उनलाई कार्यालय दिएको छैन् । कुशवाहासँगै राज्यमन्त्री सञ्जय यादव पनि हट्ने निश्चित नै छ । कुशवाहको विभाग खोसिएसँगै यादवको पनि विभाग खोसिएको थियो । उनी पनि २ महिनादेखि विभाग बिनाको राज्यमन्त्री रहेका छन् ।

प्रदेश सरकारमा जसपाको मुख्यमन्त्रीसहित ३ जना मन्त्री, १ जना राज्यमन्त्री , कांग्रेसको २ जना मन्त्री, जनमतका २ जना मन्त्री, १ जना राज्यमन्त्री, लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा)का १ जना मन्त्री, नेकपा एसका १ जना मन्त्री, माओवादी केन्द्रका १ जना मन्त्री र १ जना राज्यमन्त्री रहेका छन् ।

# मिटरब्याजी झा कारागार चलान



**टुडे समाचारदाता**

राजविराज । धरौटी तिर्न नसकेपछि सप्तरीको एक जना मिटरब्याजीका अभियुक्तलाई पुर्पक्षका लागि कारागार चलान गरिएको छ ।

राजविराज- ७ का हेम नारायण झा पुर्पक्षका लागि कारागार चलान भएका छन् । अनुचित लेनदेन सम्बन्धमा हरिनारायण रजक, मो.तजमुल मिँया, कौशल्या देवीसमेतको जाहेरीका आधारमा झा विरुद्ध ठगी तथा अपराधिक विश्वासघात मुद्दामा अनुसन्धानपछि प्रहरीले जिल्ला अदालतमा फाइलहरू पेश गरेको थियो ।

मिटरब्याजीका रुपमा परिचित झालाई २५ लाख धरौटी तोकिएकोमा उनले तिर्न नसक्दा कारागार कार्यालय सप्तरी चलान गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

राष्ट्रिय सभाले मिटरब्याजी सम्बन्धी विधेयकलाई सर्वसम्मतिले पारित गरेकै दिन झालाई पुर्पक्षका लागि थुनामा पठाइएको छ । मिटरब्याज सम्बन्धी विधेयकलाई राष्ट्रपति रामचन्द्र पौडेलले शुक्रबार प्रमाणीकरण गरेका छन् । प्रमाणीकरण भएसँगै अनुचित लेनदेन(मिटरब्याज) सम्बन्धी कानुन कार्यान्वयनमा आएको छ ।

यस अघि सरकारले अध्यादेशबाट ल्याएको सो कानुन संघीय संसदबाट पारित हुन नसकेपछि निष्क्रिय भएको थियो ।हाल सरकारले केही संशोधन गरी सो बिधेयकलाई पारित गराएको छ ।

मिटरब्याज सम्बन्धी विवाद मिलाउन सरकारले अधिकार सम्पन्न उच्चस्तरीय आयोग गठन गरेको छ । जिल्ला प्रशासन कार्यालयहरुले विशेष टोली बनाएर मुद्दा फछ्र्योटलाई तीव्रता दिएका छन् । जिल्ला प्रशासन कार्यालयमा हुने मिलापत्रमा अपवाद बाहेक ऋणीहरुलाई नै प्रत्यक्ष फाइदा पुगिरहेको छ ।

अध्यादेश निष्क्रिय भएदेखि राष्ट्रिय सभाबाट विधेयक पारित नहुँदासम्म जिल्ला अदालतहरुमा २०७४ साल पूर्वका सयौं तमसुकहरुको मुद्दा दर्ता भएको छ ।

# प्रशासकीय अधिकृत झासहित पाँच जनाविरुद्ध भ्रष्टाचार मुद्दा

**टुडे समाचारदाता**

जलेश्वर । अख्तियार दुरुपयोग अनुसन्धानआयोगलेमहोत्तरीजिल्लाको पिपरा गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत रंजिता झासहित पाँच जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

गाउँपालिकाको वडा नम्बर १ मा बाटो ढलानको कार्य गर्दा कमसल सामग्री प्रयोग गरी गाउँपालिकाबाट प्राप्त रकम हिनामिना गरेको अभियोगमा उनीहरूविरुद्ध शुक्रबार विशेष अदालत काठमाण्डुमा आरोपपत्र दायर गरिएको अख्तियारका प्रवक्ता भोला दाहालले जनाएका छन् । उनका अनुसार तत्कालीन प्रमुख प्रशासकीय अधिकृत झासहित निर्माण उपभोक्ता समितिका अध्यक्ष नवोनारायण मिश्र, सचिव कमरुल खातुन , कोषाध्यक्ष रतन साह र तत्कालीन सव-इन्जिनियर श्याम किशोर मण्डलविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरिएको छ ।

उनीहरूले वडा नम्बर १ को एकरहिया कृषि सडक ओलारदेखि खैरवा सडकको पीसीसी ढलान कार्यमा नभएको कार्यलाई बढी काम भएको झुट्टा विवरण तयार पारी उपभोक्ता समितिलाई १ लाख ४८ हजार ९ सय १० भुक्तानी दिइएको अख्तियारको दाबी छ ।

उनीहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा ९१(ग) र (ङ) बमोजिमको १ लाख ४८ हजार ९ सय १० रुपैयाँ बिगो कायम गरी मुद्दा दायर गरिएको छ ।












# लालपुर्जा बनाइदिने प्रलोभनमा पैसा असुली

**रञ्जन यादव**



कलैया । बारा जीतपुर सिमरा उपमहानगरपालिका वडा नं.२ मा ऐलानी जग्गाको लालपुर्जा बनाइदिन्छु भन्दै झुक्याएर पैसा उठाइएको पाइएको छ ।

जगदम्बा स्टिल पछाडि रहेको फूलबारी टोलमाप्रति धुर दुई सय रुपैयाँको दरले रकम उठाइएको पाईएको वडा अध्यक्ष धन बहादुर श्रेष्ठले जानकारी दिए ।

करीब ४० वर्ष देखि बसोबास गर्दै आएका वासिन्दाहरुलाई बसिरहेको जग्गाको लालपुर्जा बनाइदिन्छु भन्दै स्थानीय ५/६ जनाले रकम उठाएको वडा अध्यक्ष श्रेष्ठले बताए ।

उठाउने भन्दा भनि उठाउन लगाउने मानिस बढी दोषी रहेकाले माफी नमागेको खण्डमा कारबाहीको कानुनी प्रक्रिया अगाडि बढाउने वडा अध्यक्ष श्रेष्ठले जानकारी दिए । एक जना व्यक्तिसंग २ हजार देखि ८ हजारसम्म उठाइएको पाइएको छ । अहिलेसम्म वडा कार्यालयको सम्पर्कमा ३० जना व्यक्ति पैसा दिएको भन्दै आएको वडा कार्यालयले जनाएको छ ।

# हवाई सुरक्षा अभिवृद्धिका लागि समिति गठन

काठमाण्डु । मुलुकको हवाई सुरक्षा अभिवृद्धिका लागि आवश्यक रणनीति तय गर्ने उद्देश्यले वायु सेवा सञ्चालकको छाता सङ्गठन वायु सेवा सञ्चालक सङ्घ नेपालले विशेष 'टास्क फोर्स' गठन गरेको छ ।

सङ्घले पूर्वपर्यटन सचिव यज्ञप्रसाद गौतमको संयोजकत्वमा चार सदस्यीय समिति गठन गरेको हो ।

समितिको सदस्यमा क्याप्टेन हिराबहादुर दाहाल, रवि कंसाकार र नारायणबहादुर डङ्गोल रहनुभएको छ । समितिले एक महिनाभित्र अध्ययन प्रतिवेदन बुझाउने छ । प्रतिवेदनमा समेटिएका कमीकमजोरीलाई सङ्घले विधि र प्रक्रियाबारे थप अध्ययन गरेर हवाई उद्योगलाई सुरक्षित बनाउनेतर्फ लाग्ने जनाएको छ ।

'हवाई उड्डयनको वर्तमान अवस्था, चुनौति तथा असर सम्बन्धमा' आज आयोजित कार्यशाला गोष्ठीको अवसरमा सङ्घले उक्त समिति घोषणा गरेको हो । हवाई दुर्घटनाको कारण पत्ता लगाई हवाई सेवालाई सुरक्षित बनउन तथा हवाई दुर्घटना न्यूनीकरणका लागि राय सुझाव पेश गर्नेगरी समिति गठन गरिएको सङ्घले उल्लेख गरेको छ ।

सङ्घका अध्यक्ष क्याप्टेन रामेश्वर थापाले हवाई सुरक्षा अभिवृद्धिका लागि समिति गठन गरिएको बताउनुभयो । उहाँले हवाई दुर्घटना न्यूनीकरणका लागि सङ्घ लागिपरेको भन्दै नियामक नेपाल नागरिक उड्डयन प्राधिकरणको सहकार्यमा यस कार्यलाई थप प्रभावकारी बनाइने विश्वास व्यक्त गर्नुभयो ।

उहाँले प्राधिकरणले क्याप्टेनलाई मात्रै कारबाही गरेर हवाई सुरक्षा अभिवृद्धि हुँदैन भन्दै पर्वतीय उडान र स्वीङ उडान रोक्नुको कुनै अर्थ नरहेको जिकिर गर्नुभयो । रासस

# राष्ट्रिय झण्डा राखियो



**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको ढल्केवरमा राष्ट्रिय झण्डा राखिएको छ ।

मधेश प्रदेशको राजधानी जनकपुरधामको मुख्य प्रवेशद्वार ढल्केवरमा शुक्रबार स्थानीय क्लब तथा विभिन्न संघसंस्थाको सहयोगमा २५ वटा राष्ट्रिय झण्डा राखिएको छ ।

पूर्वपश्चिम राजमार्गसंग जोडिएको नेपालकै सबैभन्दा ठूलो महेन्द्र पार्कको तीन वटै कुनामा मिथिला उद्योग वाणिज्य संघ, खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, मिथिला लायन्स क्लब र मिथिला व्याडमिन्टन क्लब ढल्केवरले उक्त झण्डा राखेको बताइएको छ ।

मिथिला उद्योग वाणिज्य संघका अध्यक्ष तेजनारायण साहले राष्ट्रिय झण्डाको सम्मान तथा चोक सौन्दर्य देखिन झण्डा राखिएको बताए ।

उनले पार्कको सौन्दर्यकरण र चोकको फोहर व्यवस्थापनका लागि पनि स्थानीय क्लब तथा संघसंस्था मिलेर सहयोग गर्ने जानकारी दिए ।

प्रदेश सभासदस्य हरिनारायण महतो र मिथिला नगरपालिकाकी उपप्रमुख सुनितासिंह बुढाथोकीलगायतका अतिथिले संयुक्तरुपमा झण्डोत्तोलन गरिएको थियो ।

# वैदेशिक सहायता लिँदा राष्ट्र हितलाई ध्यान दिन विज्ञको सुझाव

काठमाण्डु । पूर्वाधार विज्ञहरूले पूर्वाधार निर्माणका लागि वैदेशिक ऋण तथा अनुदानलगायतको सहायता लिँदा राष्ट्र हितलाई ध्यानमा राख्न सुझाव दिनुभएको छ ।

शुक्रबार यहाँ सेन्टर फर सोसियल इन्क्लुजन एण्ड फेडेरालिजम (सिइएसआइएफ)ले आयोजना गरेको कार्यक्रममा विज्ञहरूले दातृ निकायसँग कर्मचारीहरूको कमजोर बार्गेनिङ क्षमताकै कारण सहायतामा दातृ निकायको स्वार्थ हावी हुने गरेको स्पष्ट पार्नुभयो । उहाँहरूले ऋण तथा अनुदान जस्ता सहायता स्वार्थबिना नआउने स्पष्ट पार्दै मुलुकको हितअनुसार मात्रै लिन सुझाव दिनुभयो ।

सरकारका पूर्वसचिव लालशङ्कर घिमिरेले वैदेशिक सहायता दातृ निकायको कुनै स्वार्थबिना नआउने स्पष्ट पार्नुभयो । "नेपालमा आउने वैदेशिक सहायतामा ८० प्रतिशतमा कुनै न कुनै स्वार्थ अवश्य हुन्छ, यसैले ऋण र अनुदानलाई फरक आँखाले हेर्न जरुरी छैन', उहाँले भन्नुभयो । वैदेशिक ऋण तथा अनुदानलगायतका सहायता दिँदा हामीले आफ्नो क्षमता बलियो बनाउन नसकेको उहाँको भनाइ छ ।

'वैदेशिक अनुदान वा ऋणलाई पनि हामीले उपलब्धिका रूपमा उल्लेख गर्न थालेका छौँ, जबकी एउटा अनुदान वा ऋण सहायता पूरा हुन कम्तीमा एकदेखि पाँच वर्ष लाग्छ', उहाँले भन्नुभयो, "कमजोर बार्गेनिङ क्षमता र दातृ निकायसँग डराउने प्रवृत्तिले उनीहरूको स्वार्थ हावी भएको अवस्था छ ।'

सरकारका पूर्वसचिव दीपेन्द्रनाथ शर्माले पूर्वाधार सुशासनको अनुगमनको अभाव भएको भन्दै राष्ट्रिय योजना अयोगले यस क्षेत्रमा बढी ध्यान दिनुपर्नेमा जोड दिनुभयो । खासगरी निर्धारित समयमा परियोजना पूरा नहुने अवस्थामा एकले अर्कालाई आरोप लगाउने तथा परियोजनाको लगानी बढ्ने अवस्थाको अनुमगन जरुरी रहेको उहाँको भनाइ छ । उहाँले सार्वजनिक खरिद अनुगमन कार्यालयको अनुगमन प्रभावकारी नभएको समेत उल्लेख गर्नुभयो ।

सो अवसरमा आईआईडीएसकी निर्देशक डा सुचेता प्याकुरेलले नेपाल आर्थिक सूचकाङ्कमा खराब अवस्थामा नभएको भन्दै राजनीतिक आयामका रूपमा पनि चिन्तन गर्नुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "नेपाल आर्थिकरूपमा कमजोर मुलुक हो, जसमा वैदेशिक सहायतमा बन्ने प्रोजेक्टले थप कमजोर बनाउँछ, त्यसैले पूर्वाधारका लागि वैदेशिक सहायता लिँदा सरकारको आर्थिक अवस्था हेर्नुपर्छ', उहाँले भन्नुभयो ।

विश्व बैंकका पूर्व वरिष्ठ वैदेशिक मामिला अधिकृत राजीव उपाध्यायले पछिल्लो समय स्रोत सीमित हुँदै गएको भन्दै सहज र सस्तो स्रोतको अभाव बढ्दै गइरहेको बताउनुभयो । उहाँले पश्चिमा देशहरूमा आर्थिक मन्दी देखिन थालेपछि विश्वको भूराजनीति चिन्तन अर्थतन्त्रमा केन्द्रित भएको र विश्वका अधिकांश देशमा सैन्य बजेट बढ्दो क्रममा रहेको धारणा राख्नुभयो ।

सो अवसरमा सीइएसआईएफले तयार पारेको नेपालको पूर्वाधारमा चीनको उदयः अवस्था, समस्या र चुनौतीहरू विषयक प्रतिवेदन समेत प्रस्तुत गरिएको थियो । साथै लेखक अमिसराज मुल्मीले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । रासस

## मधेश एमालेको एक वर्ष

# तोकिए पाँच काम, जनकपुरमा मिथिला भवन

**टुडे समाचारदाता**

काठमाण्डु । नेकपा एमालेले मधेश प्रदेशमा एक वर्षसम्म चल्ने कार्यक्रमको खाका तयार पारेको छ । गत चुनावमा अपेक्षित नतिजा नआएपछि एमाले संगठनात्मक सुधार गर्न एक वर्षे अभियानमा छ ।

त्यो अभियानअन्तर्गत पार्टी सचिव योगेश भट्टराईलाई एमालेले मधेशको इन्चार्ज बनाएर पठाएको छ । उनी इन्चार्ज भएर गएपछि प्रदेश कमिटीले वर्षदिने कार्यक्रमको खाका तयार पारेको हो । 'मधेश प्रदेशको सचिवालय बैठकले एक वर्षसम्म चल्ने कार्यक्रमको तालिका अनुमोदन गरेको छ', मधेश प्रदेश प्रचार संयोजक अरविन्द सिंह भन्छन् । सिंहका अनुसार, गत २ साउनको बैठकले पारित गरेको कार्यक्रम वर्ष दिनसम्म मधेश प्रदेशमा चल्नेछ । अभियान अन्तर्गत मधेशको आर्थिक(सामाजिक विकासको खाका तयार पार्नुलाई एमालेले प्राथमिकतामा राखेको छ ।

वर्षदिनसम्म चल्ने कार्यक्रमले मधेश विकासको २५ वर्षे दीर्घकालीन योजना बनाउने सचिव भट्टराई बताउँछन् । 'पार्टी संगठन विस्तार र वैचारिक प्रशिक्षण चल्ने नै भयो' उनी भन्छन्, 'हामी मधेशको विकासमा दीर्घकालीन योजना समेत बनाउँदैछौं ।' उर्बर भूमि मधेशमा अहिले पनि गरिबी, बेरोजगार र पछौटेपन रहेकाले दीर्घकालीन योजना बनाउने उनी बताउँछन् । त्यसका लागि जुली महतोको संयोजकत्वमा सामाजिक/आर्थिक रुपान्तरण समृद्धि खाका समिति गठन गरिएको छ । यो समितिले मधेशको संभावना, विकासको प्राथमिकता र सामाजिक समस्या हल गर्न चाल्नुपर्ने कदमको योजना बनाउनेछ ।'देशको



खाद्य आवश्यकता धान्न सक्ने संभावना भएको मधेशमा सिंचाइको अभावले उत्पादन बढाउन सकिएको छैन' भट्टराई भन्छन्, 'सामाजिक समस्याहरु डरलाग्दो छ, यी सबैको समाधान खोज्नेगरी योजना ल्याउँछौं ।'

आर्थिक/सामाजिक विकासको खाकासँगै एमालेले दोस्रो कामका रुपमा एक वर्षे संगठनात्मक गतिविधिको खाकालाई अगाडि बढाएको छ । जसमा नयाँ सदस्य बढाउने र पार्टी प्रवेशलाई प्राथमिकतामा राख्नेछ । त्यसका लागि सुमनराज प्याकुरेल संयोजक रहेको समिति गठन भएको छ ।

यो समितिले पार्टी प्रवेशलाई एकद्वार र व्यवस्थित गर्नेछ । एमालेले यो वर्षभित्रै १ लाख ७१ हजार सदस्य बनाउने योजना बनाएको छ । मधेशमा एमाले अरु प्रदेशको तुलनामा कमजोर रहेको पार्टी केन्द्रकै निष्कर्ष छ । प्रदेश कमिटीले भने ८० हजार हाराहारी पार्टी सदस्य मध्ये ५० हजार बढीले नवीकरण गरेको निष्कर्ष निकालेका छ । तर जनसंख्याको तुलनामा एमाले सदस्य धेरै भने होइन । मधेशमा ६१ लख १४ हजार जनसंख्या छ ।

गत चुनावमा भने मधेशमा एमाले पहिलो शक्ति बनेको छ । ३२ मध्ये प्रतिनिधिसभातर्फ अहिले एमालेले १० सिट जितेको छ भने प्रदेशसभामा २३ सिट पहिलो दल छ । तर जनमतका आधारमा कांग्रेस पहिलो शक्ति हो । प्रदेशसभातर्फ समानुपातिक मतमा कांग्रेसले २०।४९ प्रतिशत र एमालेले १८।०१ प्रतिशत मत पाएको छ । यो एक वर्षे अभियानमा एमालेले अर्को चुनावमा पहिलो शक्ति बन्नेगरी आधार तयार पार्ने योजना बनाएको छ ।

एमालेले अभियानको तेस्रो कामका रुपमा प्रदेश पार्टी कार्यालय भवन निर्माण तय गरेको छ । लिलानाथ श्रेष्ठको संयोजकत्वमा समिति बनाएर एमालेले जनकपुरमा मिथिला भवनका नाम पार्टी कार्यालय बनाउनेछ । चौथों काम, मधेशमा कम्युनिष्ट इतिहास अभिलेखलाई राखिएको छ । पुरुषोत्तम पौडेलको संयोजकत्वमा गठन भएको समितिले यो काम गर्नेछ । पाँचौं काम, अधिवेशन हो । आगामी ५ र ६ असोजमा प्रदेश अधिवेशन तोकेको एमालेले २० भदौभित्र जनसंगठनहरुको प्रदेश कमिटी निर्माण गर्ने भएको छ । आगामी फागुनसम्म जिल्ला र पालिका तहसम्म अधिवेशनबाट पार्टी नेतृत्व तयार हुने प्रचार संयोजक सिंह बताउँछन् ।

यसरी संगठित हुने कार्यकर्तालाई वैचारिक रुपमा प्रष्ट पार्न पार्टी स्कूलले प्रशिक्षण दिन थालेको छ । 'केन्द्रीय सदस्य, प्रदेशका पदाधिकारी र जिल्ला अध्यक्षहरुको वैचारिक कार्यक्रम सकिएको छ' सिंह भन्छन्, 'अब कार्यकर्ता प्रशिक्षणका लागि प्रशिक्षक तयार पार्ने कार्यक्रम गर्दैछौं ।'

यो वर्ष दिनभित्रै पार्टीभित्रको अन्तरविरोध समेत अन्त्य हुने सचिव भट्टराई दावी गर्छन् । 'सबैले केपी ओलीलाई अध्यक्ष मान्ने भएपछि अन्तरविरोध आवश्यक कुरा होइन । सबैलाई एकताबद्ध गरेर जाने हो', उनी भन्छन् । यी सबै कामको प्रचार गर्न वीरगञ्जमा प्रचार कार्यालय खोल्ने तयारी एमालेले गरेको छ ।

# ब्याजदर करिडोरको तल्लो सीमा साढे चार प्रतिशत

काठमाण्डु । नेपाल राष्ट्र बैंकले वाणिज्य बैंकको ब्याजदर करिडोरको तल्लो सीमाका रूपमा रहने निक्षेप सङ्कलन दरलाई एक प्रतिशतले बिन्दुले घटाएर साढे चार प्रतिशत कायम गरेको छ ।

राष्ट्र बैंकले शुक्रबार एकीकृत निर्देशन, २०७९ मा संशोधन गर्दै निक्षेप सङ्कलन दर घटाएसँगै रिपो दर पनि शून्य दशमलव ५० प्रतिशत बिन्दुले घटेको छ ।

यसअघि वाणिज्य बैंकहरूमा ब्याजदर करिडोरको माथिल्लो सीमाको रूपमा रहेको स्थायी तरलता सुविधा दर साढे सात प्रतिशत, तल्लो सीमाको रूपमा रहेको निक्षेप संकलन दर साढे पाँच प्रतिशत र नीतिगत दरको रूपमा रहेको रिपो दर सात प्रतिशत थियो ।

स्थायी तरलता सुविधा दरलाई भने साढे सात प्रतिशतमा यथावत राखिएको छ । तर तल्लो सीमाको रूपमा रहेको निक्षेप सङ्कलन दरलाई साढे चार प्रतिशत पुऱ्याइएको छ । त्यस्तै, नीतिगत दरको रूपमा रहेको रिपो दरलाई साढे छ प्रतिशत कायम गरिएको छ ।

राष्ट्र बैंकले चालु आर्थिक वर्ष २०८०/८१ को मौद्रिक नीतिमार्फत् निक्षेप सङ्कलन दर र नीतिगत दर घटाउने निर्णय गरेको थियो । रासस

# विदेश भ्रमणमा जाने नेपालीलाई यस्तो छ डलर सटही सुविधा



काठमाण्डु । विदेश भ्रमणमा जाने नेपालीले अब दुई हजार पाँच सय अमेरिकी डलर बराबरको सटही सुविधा पाउने भएका छन् । नेपाल राष्ट्र बैंकको विदेशी विनिमय व्यवस्थापन विभागले शुक्रबार जारी गरेको एकीकृत परिपत्र-२०७९ मा संशोधन गर्दै डलर सटही सुविधाका सम्बन्धमा नयाँ व्यवस्था गरेको हो ।

भारत बाहेक अन्य मुलुकको भ्रमणमा जाने नेपाली नागरिकलाई राहदानी वापत प्रतिपटक अधिकतम अमेरिकी डलर दुई हजार पाँच सय बराबरको सटही सुविधा प्राप्त गर्नेछन् । त्यस्तो सटही सुविधा एक वर्षमा दुई पटकमा नबढ्ने गरी मात्र प्रदान गरिने उल्लेख छ । एकीकृत निर्देशन जारी भएको मितिभन्दा अगावै त्यस्तो सुविधा लिएकाले पनि चालु आवमा थप दुई पटक त्यस्तो सुविधा प्राप्त गर्ने व्यवस्था गरिएको छ ।

श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा जाने नेपाली नागरिकलाई राहदानी वापत अधिकतम दुई सय अमेरिकी डलर बराबरको सटही सुविधा उपलब्ध गराउने प्रबन्ध गरिएको छ । रासस

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : धन बृद्धि सञ्चय । |
| बृष | : बौद्धिक क्षमता । |
| मिथून | : वाद विवादबाट बच्नु । |
| कर्कट | : शिक्षामा उन्नति । |
| सिंह | : सुख समृद्धि हुने । |
| कन्या | : भ्रमण अवसर हुने । |
| तुला | : पारिवाहिक सुख । |
| बृश्चिक | : प्रतिभा सम्पन्नता । |
| धनु | : अवसर प्राप्त । |
| मकर | : पुरस्कार प्राप्त लाभ । |
| कुम्भ | : प्रेम प्रसंग, मित्र सुख । |
| मीन | : नयाँ कार्य हुने । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# जलेश्वरमा ‘हरित अभियान’

महोत्तरी।जलेश्वरनगरपालिकाले ‘हरित अभियान’अन्तर्गत एक लाख २५ हजार नयाँ बिरुवा रोप्ने भएको छ। चालू आवको साउन महिनाभित्रै उक्त सङ्ख्यामा वृक्षरोपण गरिने नगरप्रमुख सुरेश साह सोनारले जानकारी दिनुभयो।

“हामी नगरको धार्मिक पहिचानमा अब हरित नगरी पनि थप्दै छौँ, यसपाली यो अभियान जारी साउनभित्रै नयाँ बिरुवा रोपिने लक्ष्यसाथ धमाधम वृक्षरोपण जारी छ”, उहाँले भन्नुभयो। जलाधिनाथ महादेव श्री जलेश्वरनाथ, तपस्वी ऋषि भृगु आश्रम, रतबारा मठ, सन्सारीमाई देवीस्थान, धार्मिक महत्वका वरुण, पुरन्दर र भार्गव सर (तलाउ) एवं अन्य कैयौँ देवीदेवता र मठस्थलले जलेश्वरको परिचय धार्मिक नगरी रहँदै आएको छ।

“हाम्रो नगर धार्मिक महत्वको छ, यहाँ बर्सेनि जलाधिनाथ महादेवको दर्शनकै लागि टाढाटाढाबाट श्रद्धालु भक्तजन आइरहनुभएको छ”, उहाँले भन्नुभयो, “अब हामी स्वच्छ र हराभरा नगर अवलोकनमा पनि पर्यटक आउने वातावरण बनाउन चाहान्छौँ, अहिलेको हरित अभियान यसैका लागि हो।” यस क्रममा जारी साउनभित्रै सुरक्षाका उपाय अवलम्बन गर्दै बिरुवा रोपिने साहले बताउनुभयो।

“मिथिलामा शुभकार्यमा ‘सवालाख’ शुभ मानिन्छ, दान, पूण्यमा पनि सङ्कल्पमै ‘सवा’ बोलिने/भनिने चलन पछ्याउँदै हामीले सवा लाख बिरुवा रोपणको सङ्कल्प गरेका छौँ, यसपाली शरद सुरु हुनपूर्व यो पूरा गरिन्छ।” यो अभियानको पहिलो चरणमा मुख्य बजार क्षेत्रमा अहिले धमाधम बिरुवा रोपण भइरहेको उहाँले जानकारी दिनुभयो। बजार क्षेत्रमा रोपिएका बिरुवाको संरक्षणको जिम्मेवारी सम्बद्ध व्यापारीलाई बनाइएको साहको भनाइ छ।

“बजार क्षेत्रमा प्रत्येक पसल अगाडि सम्बद्ध व्यापारीले एउटा बिरुवा हुर्काउनैपर्ने जिम्मेवारी दिएका छौँ, बिरुवा, तारजालीको घेराबार, मलिलो माटो र अन्य मलजलको प्रबन्ध नगरपालिकाले गरेको छ”, उहाँले भन्नुभयो, “बिरुवाको नियमित देखभाल र संरक्षणको जिम्मेवारी चाहिँ व्यापारीले गर्नपर्छ।” आफ्नो अगाडिको बिरुवा कुनै कारणले सर्न नसके व्यापारीले वडा कार्यालयमा जानकारी दिइ अर्को बिरुवा लिनसक्ने व्यवस्था छ।

अहिले नगरको मुख्य बजारक्षेत्रका सडक किनारमा सम्बद्ध व्यापारीकै सक्रियतामा धमाधम बिरुवा रोपण जारी छ। यस अभियानअन्तर्गत तलाउका डिल, मठमन्दिर परिसर, चौतारा नजिकका सार्वजनिक जग्गा, कार्यालय परिसर, धर्मशाला र विद्यालय क्षेत्रभित्र अभियानकैरूपमा बिरुवा रोपिएका छन्।

नगरपालिकाका १२ वडा बस्तीका सबै सडक किनार, सार्वजनिकस्थल र धार्मिक महत्वका तलाउ नजिक सम्बद्ध वडा कार्यालयको संयोजनमा बिरुवा रोपण गरिने नगर कार्यपालिकाको स्वीकृत तालिका छ। नगरको मुख्य सडक क्षेत्र भिठ्ठामोर-जलेश्वर-जनकपुर सडकमा तीन वर्षअघि रोपिएका बिरुवा राम्ररी हुर्केका छन्। ती पहिले रोपिएका बिरुवाको पनि संरक्षणको जिम्मेवारी तत्कालीन समयमै दिइएको थियो।

अहिलेको अभियानमा गोल्डमोर, रोयलपाम, बोतलपाम, रुद्राक्ष, चम्पा र चाँपफूलसहितका बिरुवा रोपिँदैछन्। वर्षा ऋतुभित्र सबै वडाले १०/१० हजार, नगरपालिकाले पाँच हजार बिरुवा रोपण गर्ने र तिनको संरक्षणको जिम्मेवारी स्पष्ट किटान गरिएको जनाइएको छ। रासस

# लोसपाले गर्न सकेन केन्द्रीय समिति सदस्यको नामावली सार्वजनिक

**टुडे समाचारदाता**

काठमाण्डु। स्रोतका अनुसार अध्यक्ष ठाकुरले केन्द्रीय समिति सदस्यको नामावली तयार गरे पनि पदाधिकारीसहित कार्यविभाजनमा अप्ठ्यारो भएको कारण सार्वजनिक गर्न ढिला भएको हो।



कार्यकारिणी समितिका आधारमा पार्टी सञ्चालन हुँदै आएको दुई वर्ष हुन लागेको छ। तर केन्द्रीय समितिलगायत अन्य समिति गठन भएको छैन। पछिल्लो समय अध्यक्ष ठाकुर केन्द्रीय समितिलगायत पदाधिकारी, राजनीतिक समिति बनाउन आफैँ लागिपरेका थिए। नेताहरुबाट बेलाबेलामा बोलाएर सुझाव लिँदै उनले विभिन्न समिति तयार गरिसकेका छन् तर सार्वजनिक गर्न सकेका छैनन्।

लोसपाका कार्यकारिणी सदस्य एवं सांसद सर्वेन्द्रनाथ शुक्लाले चाँडै नै सबै समिति सार्वजनिक हुने बताए। उनले भने, ‘मेरो बुझाईमा अध्यक्षज्यूले समितिहरु तयार गरिसक्नु भएको छ, त्यसलाई अन्तिम रुप दिएर चाँडै नै सार्वजनिक गर्नुहुन्छ।’

शुक्लाका अनुसार केन्द्रीय समिति, पदाधिकारी, राजनीतिक समितिलगायतका समितिहरु तयार गर्दा अध्यक्ष ठाकुरले उनीसँग पनि सल्लाह लिएका थिए। आफूले पश्चिम मधेसबाट समेट्नु पर्ने नेता तथा कार्यकर्ताहरुको बारेमा सुझाव दिएको शुक्लाको भनाइ छ। पार्टी अध्यक्ष ठाकुरले नेताहरुसँग कहिले समूहमा, कहिले एक्लाएक्लै सुझाव लिएका छन् र त्यही सुझावको आधारमा गठन गरेका समितिहरु चाँडै नै सार्वजनिक हुने उनले बताए।

कार्यकारिणी सदस्य उमाकान्त झाले पनि अध्यक्ष ठाकुरले समितिहरु तयार गरिसकेको जानकारी दिए। त्यसलाई चाँडै नै सार्वजनिक गरिने उनको भनाइ छ। पार्टीका नेताहरुसँग विभिन्न चरणमा छलफल गरेर तयार परेका समितिहरु चाँडै सार्वजनिक हुने आफूले विश्वास लिएको उनले बताए।

लोसपाको विधानमा ४०१ सदस्यीय केन्द्रीय कमिटीको व्यवस्था छ। राजनीतिक समिति १५० सदस्य र कार्यकारिणी समिति ३१ सदस्यीय व्यवस्था गरेको छ। तर अहिले कार्यकारिणी सदस्य २१ सदस्यीय मात्र छ। त्यसमा अझै १० जना थप्न बाँकी छ।

लोसपाको विधानअनुसार राष्ट्रिय महाधिवेशन, केन्द्रीय समिति, केन्द्रीय राजनीतिक समिति, केन्द्रीय कार्यकारिणी समिति, केन्द्रीय सल्लाहकार समिति, केन्द्रीय विज्ञ समिति, केन्द्रीय अनुशासन समिति, केन्द्रीय निर्वाचन समिति र केन्द्रीय लेखापरीक्षण समिति गठन गर्नुपर्ने व्यवस्था छ। त्यसमध्ये हालसम्म कार्यकारिणी समितिमात्र गठन भएको छ।

विधान अनुसार केन्द्रीय समितिमा १० जना पदाधिकारी रहने व्यवस्था छ। तर हालसम्म अध्यक्ष र दुई जना वरिष्ठ नेताको भरमा पार्टी सञ्चालन भइरहेको छ। अध्यक्षमा महन्थ ठाकुर र वरिष्ठ नेताहरुका राजेन्द्र महतो र शरतसिंह भण्डारी छन्।

विधानअनुसार पहिलो वरीयतामा केन्द्रीय अध्यक्ष र दोस्रो वरीयतामा वरिष्ठ नेता छन्। त्यसबाहेक विधानले सहअध्यक्ष, वरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष र महासचिव, सहमहासचिव, सचिव, प्रवक्ता र कोषाध्यक्षको व्यवस्था पनि विधानले गरेको छ। तर हालसम्म कसैलाई ती पदमा जिम्मेवारी दिइएको छैन।

लोसपामा एक जना अध्यक्ष भए पनि विगतको राजपाको अध्यक्षमण्डलमा जस्तै शीर्ष चार नेताबीच भागबन्डा हुने गरेको छ। राजपा हुँदा ६ जनाको अध्यक्षमण्डल थियो। त्यसमध्ये महेन्द्र राय यादव र राजकिशोर यादव अन्य पार्टीमा गइसकेका छन्।

तत्कालीन राजपामा रहेका अध्यक्षमण्डलका सदस्यमध्ये महन्थ ठाकुर, राजेन्द्र महतो, शरतसिंह भण्डारी, अनिलकुमार झा लोसपामा छन्। लोसपामा यिनै चारजनाको बीचमा हरेक कुराको भागबन्डा हुने गरेको छ। लोसपाका एक जना कार्यकारिणी सदस्यले भने, ‘राजपाको अध्यक्षमण्डल लोसपामा बिउँतिए जस्तो छ, अध्यक्षमण्डलका कारण राजपा जसरी ठिकसँग चलेन, त्यस्तै हालत अहिले लोसपाको छ।’

एकल अध्यक्ष प्रणालीको पार्टीमा अध्यक्षलाई ठिक ढङ्गले काम गर्न दिनुपर्ने भए पनि लोसपामा त्यस्तो अभ्यास नभएको ती नेताले बताए। हरेक कुरामा शीर्ष नेताहरूबाट अवरोध भइरहेको ती नेताले दाबी गरे।

उनले भने, ‘अध्यक्ष ठाकुरलाई काम गर्न दिएको भए अहिलेसम्म सबै भइसकेको हुन्थ्यो। तर अन्य शीर्ष नेताहरूको तर्फबाट बेलाबेलामा डिस्टर्ब भइरहेका हुन्छन्।’

# काउन्टर साइक्लिकल बफर कार्यान्वयनमा

काठमाण्डु। कोभिड १९ महामारीका कारण आर्थिक वर्ष २०७६/७७ बाट स्थगन गरिएको ‘काउन्टर साइक्लिकल बफर’को व्यवस्था पुनः कार्यान्वयनमा आएको छ।

नेपाल राष्ट्र बैंकले एकीकृत निर्देशिका २०७९ मा संशोधन गर्दै काउन्टर साइक्लिकल बफर कार्यान्वयनमा आएको जनाएको हो। बैंकको पुँजीकोषको पर्याप्ततासम्बन्धी व्यवस्थाका लागि राष्ट्र बैंकले काउन्टर साइक्लिकल बफरको व्यवस्था ल्याएको हो। राष्ट्रिय स्तरका बाहेक विकास बैंक र वाणिज्य बैंकले ‘पुँजी पर्याप्तता ढाँचा, २०१५’ (क्यापिटल एडेक्वेसी फ्रेमवर्क, २०१५) अनुसार काउन्टर साइक्लिकर बफरसम्बन्धी व्यवस्था कार्यान्वयन गर्नुपर्नेछ।

कुल गार्हस्थ्य उत्पादन (जीडीपी) र कुल कर्जा प्रवाहको अन्तरका आधारमा काउन्टर साइक्लिकल बफरको दर निकाल्ने गरिन्छ। जिडिपी र कर्जाको अन्तरका आधारमा बफरको दर तोकिने क्यापिटल एडेक्वेसी फ्रेमवर्कमा उल्लेख छ। काउन्टर साइक्लिकल बफरले अनियन्त्रित कर्जा प्रवाहलाई नियन्त्रण गर्ने राष्ट्र बैंकले बताउँदै आएको छ। बैंक तथा वित्तीय संस्थामा आइपर्नसक्ने सम्भावित संकटलाई व्यवस्थापन गर्न यस्तो यसको व्यवस्था गरिएको केन्द्रीय बैंकले उल्लेख गरेको छ।

‘द बासल कमिटी अन बैंकिङ सुपरभिजन’ले सन् २०१० डिसेम्बरमा जारी गरेको ‘बासल-३ : अ ग्लोबल रेगुलेटरी फ्रेमवर्क फर मोर रेजिलियन्ट बैंक्स एन्ड बैंकिङ सिस्टोम’मा वित्तीय संस्थाहरूलाई आर्थिक जोखिमबाट बचाउन र अर्थतन्त्रमा वित्तीय क्षेत्रको वास्तविक प्रतिनिधित्व प्रतिबिम्बित गर्ने उद्देश्यले यो व्यवस्था ल्याएको थियो।

राष्ट्र बैंकले पनि बासल-३ सम्बन्धी व्यवस्था कार्यान्वयनका लागि विभिन्न समयमा बैंक तथा वित्तीय संस्थालाई निर्देशन दिँदै आएको छ। रासस

# सुन तस्करी नियन्त्रणमा संसदीय समितिले प्रभावकारी कदम चाल्नुपर्छ : सांसद

**टुडे समाचारदाता**

काठमाण्डु। सत्तारुढ राष्ट्रियसभाका सांसदहरुले सुन तस्करी नियन्त्रणमा संसद् र संसदीय समितिहरूले प्रभावकारी कदम चाल्नुपर्ने बताएका छन्।



सत्तारुढ नेपाली कांग्रेसका राष्ट्रियसभाका सांसद कृष्णप्रसाद पौडेल, जनता समाजवाद पार्टी नेपाल सांसद मृगेन्द्रकुमार सिंह यादवलगायतका सांसदहरुले सुन तस्करी, ललिता निवासलगायतका भ्रष्टाचार काण्डहरुको तथ्य पत्तालगाई बाहिर ल्याउन संसद् र संसदीय समितिहरूले कडा कदम चाल्नुपर्ने बताएका हुन्। शुक्रवार राष्ट्रियसभा अन्तर्गतको दिगो विकास तथा सुशासन समितिको बैठकमा बोल्दै कांग्रेस सांसद पौडेलले अन्तर्राष्ट्रिय जगतमा नै नेपालको अपमान हुनेगरी चर्चित सुनकाण्ड बाहिर आएको उल्लेख गर्दै त्यसलाई नियन्त्रण गर्न संसदले प्रभावकारी कदम चाल्नुपर्ने बताए। पछिल्लो सुन काण्डले झनै मुलुकको मान, सम्मान घटेर जाने सम्भावना बढेर गएको उल्लेख गर्दै त्यसलाई नियन्त्रण गर्नका लागि सरोकारवाला सबै पक्षसँग बसेर छलफल गर्न आवश्यकता रहेको समेत उनले बताए।

यस्तै जनता समाजवादी पार्टी नेपालका सांसद यादवले क्वीन्टलका क्वीन्टल सुन तस्करी हुनु मुलुकका लागि लाजमदी विषय भएको उल्लेख गर्दै त्यसलाई नियन्त्रण गर्नका लागि सम्बन्धित पक्षमाथि कडा छानबिन गर्नुपर्ने बताए। उनले सुन तस्करी, ललिता निवासलगायतको छानबिन गरी दोषीलाई उम्कन नदिने गरी अनुसन्धानको कामलाई अघि बढाउनुपर्ने बताए। यता, सरकारको नेतृत्व गरिरहेको नेकपा ९माओवादी केन्द्र० का सांसद जगप्रसाद शर्माले मौद्रिक नीति र वित्तीय नीतिमा तालमेल नदेखिएको भन्दै असन्तुष्टि व्यक्त गरे। उनले नेपाल राष्ट्र बैंकले हालै सार्वजनिक गरेको मौद्रिक नीति वित्तीय नीतिसँग तालमेल नहुनु मुलुकका लागि गम्भीर विषय भएको उल्लेख गर्दै त्यस विषयमा सम्बन्धित पक्षसँग संसद् र संसदीय समितिले छलफल गर्नुपर्ने बताए।

सांसद शर्माले विभिन्न आयोजनाहरुमा समेत भ्रष्टाचार मौलाएको उल्लेख गर्दै त्यसलाई नियन्त्रण गर्न सरकारले विशेष ध्यान दिनुपर्ने बताए।

# प्रस्तावित ६ राजदूतमाथि ९ दिनमा एउटा मात्रै उजुरी

**टुडे समाचारदाता**

काठमाण्डु। सरकारले विभिन्न मुलुक तथा कुटनीतिक नियोगका लागि सिफारिस गरेका ६ जना राजदूतहरूमाथि संसदीय सुनुवाई समितिमा एउटा मात्र उजुरी परेको छ। नियुक्ति प्रक्रियाका लागि गत साउन ३ गते बसेको संसदीय सुनुवाई समितिको बैठकले १० दिनभित्र उजुरी आह्वान गरेको थियो।



शनिवार सम्म उजुरी दिने अन्तिम म्याद रहेकोमा हालसम्म एउटा मात्र उजुरी परेको समितिका सहसचिव निर्मलादेवी लामिछानेले रातोपाटीलाई जानकारी दिइन्। शनिवारसम्म उजुरी दिने म्याद रहेपनि भोलि शनिबार परेकोले आइतबारसम्म उजुरी दिने समय रहेको लामिछानेले बताइन्।

एकजना उजुरीकर्ताले समितिमा आएर उजुरी दर्ता गराएर गएको उनले बताइन्। उजुरी गर्ने म्याद सकिएपछि समितिले उजुरीकर्तालाई समितिमा बोलाएर छलफल गर्नेछ। त्यसपछि प्रस्तावित राजदूतहरुमाथि संसदीय सुनुवाई प्रक्रिया शुरु हुनेछ।

सरकारले अमेरिकाको न्यूयोर्कस्थित संयुक्त राष्ट्र संघको नेपाल नियोगमा आवासीय प्रतिनिधि तथा राजदूतमा लोकबहादुर थापा, जेनेभास्थित संयुक्त राष्ट्रसङ्घीय नेपाली नियोगका आवासीय प्रतिनिधिका लागि रामप्रसाद सुवेदी, संयुक्त अरब इमिरेट्सका लागि राजदूतमा तेजबहादुर क्षेत्री, कुवेतका लागि राजदूतमा घनश्याम लम्साल, थाइलूयान्डका लागि राजदूतमा धनबहादुर ओली र फ्रान्सका लागि राजदूतमा सुधीर भट्टराईलाई सिफारिस गरेको छ।

सरकारले सिफारिस गरेका राजदूत तथा विभिन्न नियोगहरूका प्रतिनिधिहरूको सुनुवाइका लागि प्रष्ट आधार र सबुत प्रमाणसहित उजुरी दिनका लागि सुनुवाई समितिले १० दिने सूचना जारी गरेको थियो। मन्त्रिपरिषद्ले सिफारिस गरेका राजदूतहरू संसदीय सुनुवाइ समितिबाट अनुमोदन भएपछि राष्ट्रपतिले नियुक्त गर्ने संवैधानिक व्यवस्था छ।

# श्रमजीवी पत्रकारका पक्षमा पत्रकार महासङ्घले आन्दोलन गर्ने

काठमाण्डु। नेपाल पत्रकार महासङ्घले श्रमजीवी पत्रकारका पक्षमा आन्दोलन गर्ने भएको छ।



सञ्चारग्राममा आज श्रमजीवी पत्रकारका समस्याका विषयमा आयोजना गरिएको अन्तरक्रियामा पछिल्लो समय श्रमजीवी पत्रकारलाई विभिन्न सञ्चारगृहले न्यूनतम पारिश्रमिक नदिएको तथा सेवाबाट नै हटाउन थालेको उजुरी परेपछि महासङ्घ बाध्य भएर आन्दोलनमा उत्रिन लागेको जनाएको छ।

कार्यक्रममा महासङ्घका वरिष्ठ उपाध्यक्ष रमेश विष्टले श्रमजीवी पत्रकारका समस्या समाधान गर्न महासङ्घले यही साउन २६ देखि श्रम कार्यालयमा धर्ना दिने तथा भदौ १ गते पुराना सम्झौता कार्यान्वयन नभएका तथा श्रमजीवी पत्रकारलाई न्यूनतम पारिश्रमिक नदिने सञ्चार प्रतिष्ठान घराउ गरिने जानकारी दिनुभयो।

यसैगरी महासङ्घले श्रमजीवी पत्रकारको पारिश्रमिकका लागि वार्ता, सम्वाद, कानुनी तथा घेराउका कार्यक्रमसँगसँगै लिएर अगाडि बढ्ने जनाएको छ।

सोही कार्यक्रममा बोल्दै पत्रकार महासङ्घका महासचिव रोशन पुरीले श्रमजीवी पत्रकारको मुद्दामा नेपाल पत्रकार महासङ्घ सधैँ अग्रसर रहने जानकारी गराउनुभयो।

उक्त कार्यक्रममा विभिन्न सञ्चारगृहले पारिश्रमिक नदिएको, बिनाकारण कामबाट निकालेको जस्ता थुप्रै विषयमा पीडितले आफ्ना गुनासा राखेका थिए। रासस

# सिएनआई युवा उद्यमी मञ्चको नयाँ कार्यसमिति चयन

काठमाण्डु। नेपाल उद्योग परिसङ्घ (सिएनआई) अन्तर्गतको युवा उद्यमी मञ्चमा नयाँ नेतृत्व चयन भएको छ।

अनुराग गोयलको नेतृत्वमा आगामी दुई वर्ष अर्थात सन् २०२३र२०२४ लागि नयाँ कार्यसमिति गठन भएको हो। नवनिर्वाचित अध्यक्ष गोयल गोयल ग्रुपका प्रबन्ध निर्देशक हुनुहुन्छ।

कार्यसमितिमा आशिष अग्रवाल (लर्निङ चेयर), चिराग सरावागी (मेम्बरसिप चेयर), मनिष श्रेष्ठ (मेम्बर इन्टीग्रेसन), सुगम घिमिरे (ग्रोथ एण्ड एक्सपान्सन), संकेत सङ्घाई (फाइनान्स चेयर), निदा दुन मल्ल (कम्यूनिकेसन चेयर), पुनित अग्रवाल (स्टार्टअप चेयर) र सिने खेतान चुरिवाल स्टार्टअप (को-चेयर) निर्वाचित हुनुभएको छ।

युवा उद्यमी मञ्चले नवप्रवर्तन र युवालाई उत्पादन क्षेत्रमा प्रोत्साहन गर्ने गरी काम गर्ने नवनिर्वाचित अध्यक्ष गोयलले बताउनुभयो। रासस

## कान्ति बाल अस्पलतालाई सर्वोच्चको आदेश

# ‘पीडितलाई रु तीख लाख क्षतिपूति दिनु’

काठमाण्डु। सर्वोच्च अदालतले कान्ति बाल अस्पताललले एक बालकलाई गलत खोप लगाएर चिकित्सकीय लापर्बाही गरेको मुद्दामा रु ३० लाख क्षतिपूर्ति दिनुपर्ने आदेश दिएको छ।

न्यायाधीशद्वय हरिप्रसाद फुयाल र तिलप्रसाद श्रेष्ठको संयुक्त इजलासले २०७९ साल माघ २५ गते गरेको फैसलाको आज सार्वजनिक पूर्णपाठमा उक्त क्षतिपूर्ति हुने ठहर गरिएको हो।

आदेशमा भनिएको छ, “आधार, प्रमाण र कारणबाट कान्ति बाल अस्पतालको चिकित्सकीय असावधानीको कारणले पीडित आठ महिनाको बच्चा आलोक बरालको स्वास्थ्यमा गम्भीर असर परेको पुष्टि हुन आएको देखिएको छ।” श्वासप्रश्वासमा समस्या भएर उक्त अस्पतालको इमर्जेन्सीमा उपचार गर्न पुऱ्याइएका आठ महिनाका ती बालक आलोकलाई गलत खोप दिँदा क्षति पुगेको भन्दै उक्त रकम भराउन भनिएको हो।

विसं २०७३ असार २२ गते ती बालकलाई उपचारका लागि उक्त अस्पतालको इमर्जेन्सीमा पुऱ्याइएको थियो। पीडित बालकका बुबा ध्रुवकुमारले अर्कै बालकका लागि तयार पारिएको मेनेन्जाइटिस मलेरियाको खोप आफ्नो बच्चामा लगाउँदा बच्चाको स्वास्थ्यमा गम्भीर क्षति पुगेको उल्लेख गर्दै काठमाडौँ जिल्ला प्रशासन कार्यालयमा उजुरी गर्नुभएको थियो।

सोही राति शम्भु विक नामका अर्कै बालकका लागि ल्याइएको खोप आलोकलाई लगाइएको थियो। त्यसपछि बच्चामा सास फेर्न गाह्रो हुनाका साथै दिसा, पिसाब चुहिनेजस्ता लक्षण देखिएको थियो। काठमाडौँ जिल्ला जनस्वास्थ्य कार्यालयको तर्फबाट डा आयुष्मा रेग्मीले तयार पार्नुभएको प्रतिवेदनबमोजिम ती लक्षण मेनेन्जाइटिस मलेरियाको खोपबाट साइड इफेक्ट भएको प्रमाणित भएको अदालतको ठहर थियो।

फैसलाको पूर्ण पाठमा भनिएको छ, “उक्त लक्षण इन्जेक्सन मोन्टाजको साइडइफेक्टको लक्षणसँग मिलेको पाइयो, यसरी अस्पतालको लापर्बाहीका कारण गलत औषधिको अधिक मात्रा प्रयोग गरी आठ महिनाको बच्चाको ज्यान नै जान सक्ने गरी आजीवन शारीरिक तथा मानसिकलगायत असर परेको देखिँदा निज पीडित बालकलाई अस्पतालबाट क्षतिपूर्ति भराई दिनुपर्ने अप्रत्यक्ष दायित्व सिर्जना भएको देखियो।”

आफ्नो बच्चाको स्वास्थ्यप्रति अस्पतालले लापर्बाही गरेकाले क्षतिपूर्तिको माग गर्दै उहाँले काठमाडौँ जिल्ला प्रशासन कार्यालयमा उजुरी गर्नुभएको थियो। उक्त विवाद उच्च अदालत पाटन हुँदै सर्वोच्च अदालतसम्म पुगेको थियो। रासस

**श्री गिरिजा माध्यमिक विद्यालय**
**फूलगामा बहिरी, नगराईन नगरपालिका–३, धनुषा**

**सूचना ! सूचना !! सूचना !!!**

**दोस्रो पटक प्रकाशित मिति २०८०/०४/११**

यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८०/०२/३२ गतेको निर्णय र साथै शिक्षा विकास तथा समन्वय इकाई धनुषाको मिति २०८०/०२/१९, प.सं. २०७९/०८० च.नं. १६८६ को प्राप्त अनुमति पत्र बमोजिम विद्यालयमा रिक्त रहेका साविक उच्च मा. वि. नेपाली विषयको पद संख्या १ (एक) करार/अनुदानमा स्नातकोत्तर द्वितीय श्रेणीमा उत्तीर्ण गरेको २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको नेपाली नागरिक वाट आवेदन आव्हान मिति २०८०/०४/०३ गते सम्म गरेकोमा आवश्यक संख्यामा आवेदन नआएकोले वि. व्य. स. को मिति २०८०/०४/११ गते वसेको वैठक वाट ७ (सात) दिन म्याद थप (मिति २०८०/०४/१७ गते सम्म) गरिएको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**नि. प्रधानाध्यापक**

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## प्यार मे संका

हमरा लागल छेल प्यारके भुत
उ हमर हरेक बातके समभै छेल भुठ
लेकिन हमरा प्यार् करसे पहिले
उ देखादेल अपन करतुत ॥
ओकर हरेक बानीबेहोरा छेल हमरा थाह
दोसर दिन मिल्ल हमरा सबुत और गवाह
हम नइ देली सबुत पर एको रती धियान
कैला कि बेसी सोचब त जिन्दगी भज्यात तवाह
उ सुनल हमरा दिया दोसरसे हरेक भुठ बात
भगवान जनै हइ कि हइ भुठ आ कि हइ साँच
दोसरके बात सुइन के हमरा छोइर देल
जे जिन्दगी भर कहने छेलै नइ छोरब साथ
उ सब दिन से राखने छेल दोसर प आस
कोइ भुठ सुना देल त भगेल ओकरा बिशवास
उ सब दिन करैत रहै नायाँ बात के तलास
हमर और वकर रिस्ता सब दिनके लागि भगेल खलास



**रचनाकार :- राधेश्याम राउत (सुर्या बाबु)**
**भाषा:- मगही**
**ठेगाना :- जनकनन्दनी गा. पा. ०५**
**हाल :- रा.रा.ब. क्याम्पस**

## 'सावनमे प्रीय हमर'

न जानी कि-कि,
सोंचैत हेतै जान हमर।
सदिखन सजिधजी बाट,
जोहैत हेतै चाँन्द हमर॥
हाथमे मेहदी,
कानमे बाली।
मांगमे सिन्दुर,
माथमे टिकुली।
लगाक सजल हेतै
प्रीय प्रण हमर॥
दु साल बितितै कहिया,
अंगुर प दिन गिनैत हेतै
प्रीय प्रण हमर।
अगिला सावनमे गेल जे
छलियै संगे बोल बम
ओहो याद करैत हेतै
चान हमर॥
सुतल होय
आ बैठल
सदिखन याद करैत हेतै
चान हमर।
संगे टम टममे बैठ क
नैहर गेल दिन याद करैत हेतै
प्रीय प्रण हमर॥



**धनेश्वर ठाकुर**
**धनुषाधाम, ४ लक्ष्मीपुर**

## भ्रष्टाचार

भ्रष्टाचार समाजिक अपराध हो।
यसलाई निर्मूल पार्नु हामी सबैको कर्तव्य हो॥
भ्रष्टाचारकै कारण देश पछाडी परेको छ
भ्रष्टाचारकै कारण देश गरिब बनेको छ॥१॥
भ्रष्टाचार निवारण गरौ हामी सबै मिलि।
भ्रष्टाचारको विरोध गरौ एकजुट भई॥
मानिसलाई गरीब र बेरोजगार बनाएको छ।
गरीबि बेरोजगारी हटाउन भ्रष्टाचार हटाउनुपर्छ॥२॥
भ्रष्टाचारले मानिसलाई स्वार्थी बनाउँछ।
भ्रष्टाचारले नै मानिसलाई पापी बनाउँछ॥
भ्रष्टाचारले मानिसलाई खराब बाटो देखाउँछ।
भ्रष्टाचारले नै मानिसमा नाकारात्मक सोच पैदा गराउँछ॥३॥
भ्रष्टाचारजस्तो खराब प्रवृति देशबाट हटाऔँ।
हाम्रो देशको उज्वल भविष्य बनाऔँ॥
भ्रष्टाचार गर्ने व्यक्तिलाई कानुनी सजाय दिऔं।
भ्रष्टाचारलाई बिगो बराबरको दण्ड पनि दिऔं॥४॥
भ्रष्टाचार हटाउ देश बनाऊ।
आफ्नो देशको गौरव बढाऊ॥
भ्रष्टाचारीलाई बहिष्कार गरौ।
आफ्नो देशको इज्जत बढाऊ॥५॥



**प्रियंका कुमारी दास**
**कक्षा:१२**
**श्री जनता नमूना प्राविधिक माध्यमिक विद्यालय गिद्धा-बेलापट्टी**

## मेरो सुन्दर भविष्यको कल्पना गर्दै अपरचित सहरमा संघर्ष गर्दै मेरो बुवा

संसारको हरेक बिहान विस्तारै गएर एउटा साँझमा रूपान्तरित हुन्छ। बिहान उदाएको सूर्य साँझ पर्दा अस्ताउने रित छ। यिनै दिन र साँझको क्रमसँगै जीवन बढ्दै गएर कहिले बुवा त कहिले छोरा, कहिले आमा त कहिले छोरीको भूमिका निर्वाह गर्ने क्रम चलिरहन्छ। त्यस्तै गुरु पूर्णिमामा गुरुको सम्झना गरियो, आमाको मुख हेर्ने दिन आमाको सम्झना गरियो भने कुशे औँसीका दिन बुवाको सम्मान, सम्झना अनि विशेष समर्पण गर्ने गरिन्छ।
धेरैले आमालाई धर्तीसँग तुलना गरे। आमाको त्यागको व्याख्या गरे। आमाको ममताका बारेमा लेखे। तर, बुवाभित्र पनि मायाको विशाल खानी हुन्छ भन्ने कुरा कमैले मात्र महसुस गरेका छन्। आमालाई धर्ती भन्दै गर्दा बुवाभित्रको आकाशजस्तै विशाल छाती किन नियाल्न सकेनन् होलान कवि, कथाकारले? यो कुराले पनि मलाई बेला-बेला बुवाप्रतिको सम्मान झन्-झन् बढदै गएको आभास हुन्छ।
हरेक सन्तानलाई झैँ मेरो मनमा रहेको बुवाप्रतिको सम्मान भावले आज उहाँकै निम्ति केही भावनारूपी शब्दहरू कोर्ने जमर्को गर्दैछु। हुन त बुवालाई सम्मान गर्न वर्षको एकदिन नै पर्खनुपर्ने त होइन, तथापि आजको दिनको पनि खास महत्व भएकाले मेरा केही शब्दहरू उहाँकै नाममा समर्पित गरेर यो दिनलाई थप महत्वपूर्ण बनाउन चाहेँ।
मेरा लागि मेरो बुवा एक आदर्श पुरुष र प्रेरणाको स्रोत हुनुहुन्छ, जसको उपस्थितिले मात्रै पनि मभित्र जोस, जाँगर र आँटको बाढी नै ल्याइदिन्छ। जीवनको हरेक परिस्थितिमा एक सच्चा सल्लाहकारका रूपमा रही एकदमै सहज वातावरण निर्माण गरिदिने मेरा बुवा फरिस्ताभन्दा पनि उच्च आशनमा हुनुहुन्छ।



**लेखक : आयुब हुसेन**

## मुक्तक

मर्न खोज्दा एकचोटि बाँच्नुपर्छ जिन्दगी छ
साहस जुटाएर काम गर्नुपर्छ जिन्दगी छ
तिमी नै छौ भाग्यविधाता जिन्दगीको आफ्नो
आफ्नो कथा आफै लेख्नुपर्छ जिन्दगी छ॥ज्ञ॥
खोल आँखाहरु चाहिन्छ ज्ञान सबलाई
मिटाउ भ्रमहरु चाहिन्छ ध्यान सबलाई
सबैको यउटै तिर्खा छ यो ध्रुव सत्य
यहाँ आजादी चाहिन्छ प्राण सबलाई॥द्ध॥
आधीले हिड्डुल गर्ने कस्तो तिमी
पराईको कृपाले बाँच्ने कस्तो तिमी
को हुँ म ? कहिल्यै सोच्नु भएको छ
भ्रमको शिकार भई नाँच्ने कस्तो तिमी॥घ॥



**प्रमोद कुमार**
**बसन्तपुर, सर्लाही**
**राजर्षी जनक क्याम्पस**

## ॥ म ॥

अलपत्रमा परेको
जिउँदैमा डढेको
सपनालाई चुँडेको
जिन्दगी सँग हारेको
एउटा लास जस्तै नै छु म.....
यहाँ त,
कोहि आफ्ना पनि छैनन
पराई पनि छैनन
नातेदार पनि छैनन
बुझाई पनि छैन.....
त्यसैले त,
मैले आफुलाई चिन्न सकिन
माँगेकालाई दिन सकिन
मलाई पनि थाह छैन
म को हुँ ?म को हुँ ?



**रचना:-रमेश मँडल धानुक**
**मिथिला बिहारी नगरपालिका-१**
**भुतही पटेर्वा,धनुषा ,नेपाल**

## गजल

मोन त꠸ छेल एकटा सिंहदरबार बनैती
ओकर शासन आ अपन सरकार बनैती

संग रहीती जिनगी धरी आ साथ मैरती
आ ओ हमर, हम ओकर हथियार बैनती

लिखती प्रेमक सियाही'स छोट संविधान
अपन पुलिस, प्रशासन हवल्दार बनैती

जिनगी शुरुआत कैरती शुभ दिनक संग
सुखद जिनगी आ सुखद संसार बनैती

घर, आंगन सजैती चम्पा चमेली गुलाब'स
चान्न , तारा जहन सुन्दर परिवार बनैती



**उदगार यादब**
**मिथिला विहारी नगरपालिका**

## ॥ माया ॥

न स्वर्गमा होलिन् तिमी जस्ती अप्सरा।
न गगनमा छन् तिमी जस्ती जूनतारा॥
ए माया, कुन जादु छन् तिम्रो नयनमा।
हेरी उठ्छ लहर मेरो सागरझै मनमा॥
म पनि लेख्न चाहन्छु एक प्रेमकथा।
जुनीजुनीसम्म गाँसि तिमीसँग नाता॥
म पिरतीको रङ्गले तिम्रो बनाएछु चित्र।
कहिल्यै नमेटिने जसो मुटुभिता भित्र॥
कुन फूल हौ? अति सुगन्धित सुशोभित।
हेरी तिमीलाई म भएँ भमराझैँ मनमोहित॥
ए माया, गर्न बयान तिम्रो अनुपम छविको।
राम कसम! भयो असफल कलम कविको॥



**लेखक:- राम मण्डल**
**ठेगाना: लक्ष्मीनियाँ गा.पा.१ सिनुरजोडा**
**यनिभर्सल एकेडमी कलेज जनकपुर,कक्षा-१२**

## जगल

मुना र मदनले झै चोखो माया,गास्नु छ!
भुली मनका पीडाहरु तिमिसंगै,हास्नु छ!!
दुई चार दिनलाई हामी,कतै टाढा भए पनि!
एक अर्काको तस्बिर हेरि छातिमा,टास्नु छ!!
यति खुसी छावस जिन्दगीमा, बयान गर्नै नसकु!
तिमि मेरो परेलिमा मतिम्रो परेलिमा,बसि नाच्नु छ!!
यति मिठो सम्झौता गरौकी,जहाँ प्यारै प्यार होस!
दुइटा मुटुपनि एउटै धड्कन बनेर,हामी बाच्नु छ!!
दिल दुखाएर कहिलै हामि ,बाच्ने दिन नआवस!
जिन्दगीका हरेक खुसिहरु,तिमी संगै साच्नु छ!!



**प्रविन**

## गजल

मग्यौ तिमिले केवल मिठो प्यार दिए मैले
छैन सुखि दुख भएपनि संसार दिए मैले
दिलको राजा बनाई दिलभित्र सजाएपछि
म तिम्रो तिमी मेरो पूरा अधिकार दिए मैले
मलाई पनि काहाँ छ र रीस राग व्देष
ममतामयी यी नजर का प्रहार दिए मैले
दुई मुटु एक भए आहा सामिप्यातामा
शिशिर हैन बसन्तकै बहार दिए मैले
म पनि त असक्षम नै छु हिरामोति दिन
पर्खि बश एक चिम्टि सुन्दुर दिए मैले॥



**नाम : राकेश कुमार मण्डल**
**ठेगाना : धनुषा धाम ना. पा. ३ धनुषा**

## सेटिङ मै देश

देश सेटिङ मै सेट भयो
हामी नेताको बोली मै फिट भयौ॥१॥
नून न छिर्न देशमा सयौं केजी सुन छिर्यो
काण्डै काण्डले भरेको देशमा नयाँ काण्ड भयो॥२॥
आफ्नो स्वार्थ को लागि ठूला- बडाले देश बेच्यो
गरीव जनता सानो समान ल्याउदा भन्सारले छेक्यो॥३॥
देशको अवस्था हेरेर जनता खाडी तिर लम्कियो
यहाँ नेताले भाषण दिदै देश र जनतालाई सकायो॥४॥
अपराधीहरूको अपराध अनुसन्धान मै अड्कियो
सता र शक्ति को लागि नेताहरु आफैंमा लडियो॥५॥



**लेखक: उज्ज्वल झा (निकेत)**
**शिक्षा: स्नातक दोस्रो वर्ष जारी**
**अस्थायी ठेगाना: जनकपुरधाम.४**

## रिसाएर तिमी


रिसाएर तिमी जति टाढा हुँदै गयौ
अझ धेरै यो मुटुमा गाढा हुँदै गयौ
आस्था मानि फूलसँग पुजे तिमीलाई
फूल टेकी हाँसी हाँसी काँडा हुँदै गयौ
मलाई भनै बगरमा एक्लै कुराएर
आफुभने कन्यामको डाँडा हुँदै गयौ
जाने नै हौ जाऊ तर मेरो एउटा प्रश्न
तिमी किन यति सारो छाडा हुँदै गयौ



**नाम:राजन कुमार महातो**
**घर:क्षिरेश्वरनाथ नगरपालिका सीतानगर-८**

# 'हाई डिमाण्ड' मा मिरुना, साइन गरिन् 'रङ्गेली ग्याङस्टर'

काठमाण्डु । कुनै बेला फिल्मको असफलताले अभिनेत्री मिरुना मगरको करिअर संकटउन्मुख थियो। तर, 'कबड्डी ४' र 'जारी'को व्यावसायिक सफलतापछि उनी अहिले 'हाई डिमाण्ड'मा छिन्। 'जारी' रिलिज लगत्तै उनले फिल्म 'नाङ्गो गाउँ'को छायांकन सकाइन् र 'ऊनको स्विटर' नामक नयाँ फिल्म सम्झौता गरिन्। उनले मिलन चाम्सको निर्देशनमा बन्न लागेको फिल्म 'अन्जिला'मा पनि काम गर्दैछिन्।




यसबीच, उनको पाइपलाइनमा अर्को फिल्म थपिएको छ। फिल्म 'रङ्गेली ग्याङस्टर'मा उनी जोडिएकी छन्। उनी फिल्मको मुख्य भूमिकामा अनुबन्ध भएको पुष्टि कार्यकारी निर्माता जितेन्द्र खतिवडाले गरे। आगामी भदौ २० गतेबाट छायांकनमा निस्कन लागेको फिल्ममा यसअघि नै अभिनेता अर्पण थापा अनुबन्ध भैसकेका छन्। अर्जुन सुवेदीको लेखन तथा निर्देशनमा फिल्म तयार हुनेछ।

फिल्मका लागि बाँकी कलाकारहरु अडिसनबाट लिने तयारीमा निर्माण टिम छ। यसका लागि अडिसन आह्वान गरिएको छ। यही साउन २१ गते पूर्वाञ्चल इन्स्चिच्युट अफ फिल्म एन्ड टेलिभिजनमा फिल्मको अडिसन राखिएको छ। ग्याङस्टर कथावस्तुमा बन्न लागेको फिल्मको छायांकन पूर्वी मोरङको रङ्गेलीमा हुनेछ। यो फिल्मको कार्यकारी निर्मातामा अनोज जंग थापा पनि रहेका छन्।

# दुई हप्तामा 'बगान' ले कति कमायो ?

काठमाण्डु । गत बैशाखमा प्रदर्शन भएको फिल्म 'जारी'पछि सुस्ताएको नेपाली फिल्मको बजारलाई केही हदसम्म फिल्म 'बगान'ले चलायमान बनाएको छ। बक्स अफिसमा हलिउडका ठूला दुई फिल्म 'बार्बी' र 'ओपेनहाइमर'को चुनौतीका बावजूद फिल्मले दुई हप्तामा एक करोड हराहारीमा व्यापार गरेको छ। चलचित्र विकास बोर्डको सिस्टममा मात्र फिल्मको ग्रस कलेक्सन ८३ लाख रुपैयाँ देखिन्छ।

बोर्डको सिस्टममा ५४ वटा हलको डाटा मात्र आएको छ। बक्सअफिस जडान नभएका हल र रिपोर्ट पठाउन बाँकी हलसहितको जोड्दा फिल्मले दुई हप्तामा एक करोडको आँकडा छोएको हुनसक्ने देखिन्छ। लगानीको हिसाबले फिल्मको यो कमाई सुखद हो। सुखद प्रतिक्रियाले पहिलो हप्ताको अन्त्यबाट फिल्मको व्यापार बढेको हो। शुक्रबारबाट फिल्म तेस्रो हप्तामा प्रवेश गरेको छ। फिल्म हेर्न हलमा ३५ वर्ष उमेरमाथिका दर्शक बढी देखिएका छन्। एकल महिलालाई निःशुल्क हेर्ने व्यवस्था मिलाइएको फिल्मको मध्यान्तरपछिको भाग प्रायःले रुचाएका छन्। तीन दशकदेखि अभिनयमा सक्रिय सरोज खनालले फिल्मको निर्देशन गरेका हुन्। यो उनको डेब्यू निर्देशन हो। आमाको पुनर्विवाह गराउन छोरीले गर्ने संघर्षको कथामा आधारित भएर 'बगान' निर्माण भएको छ।

अब अमेरिका र भारतमा फिल्मलाई प्रदर्शन गर्ने तयारी गरिएको छ। 'बगान'मा निर्देशक खनालसँगै करिश्मा मानन्धर, नीर शाह, बसुन्धरा भुषाल, मिथिला शर्मा, आकाश श्रेष्ठ, प्रमिला कार्कीलगायतको अभिनय रहेको छ।

# 'जय हो' को गीतमा सलोन र केकी राजा-रानी

काठमाण्डु । आगामी भदौ ८ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'जय हो'को नयाँ गीत 'राजा-रानी' सार्वजनिक गरिएको छ। शुक्रबार एक कार्यक्रमका बीच सार्वजनिक गरिएको रोमान्टिक थिमको गीतमा अभिनेता सलोन बस्नेत र अभिनेत्री केकी अधिकारी प्रस्तुत छन्। गीतले उनीहरुको प्रेमभाव बोल्छ। गीतमा सागर आले मगर र सदिक्ष्या कट्टेलको स्वर छ भने सागर स्वयंको शब्द तथा संगीत छ।

गीत सार्वजनिक भएसँगै सलोन शुक्रबार साँझ अष्ट्रेलियातर्फ जाँदैछन्। फिल्मको प्रदर्शनका लागि उनी अष्ट्रेलिया जान लागेका हुन्। यसैले उनी उड्नुभन्दा अगाडि निर्माण टिमले पत्रकारसँग भेटघाट गर्दै नयाँ गीत सार्वजनिक गरेको हो।



अष्ट्रेलिया जाने निश्चित भएपछि सलोन दुई हप्ता फिल्मको प्रचारमा राम्रै खटेका थिए। अब फिल्मको प्रचारमा अरु कलाकार सक्रिय हुने जनाइएको छ। टेक पौरखी राईद्वारा निर्देशित फिल्ममा केकी र सलोनसँगै माओत्से गुरुङ, निशा अधिकारी, अर्पण थापा, प्रेम पाण्डे, दिपा शाक्य श्रेष्ठ, सुवी मगर, सुमिन गुरुङ, सुशान्त श्रेष्ठको पनि अभिनय रहेको छ। शोभित बस्नेत प्रस्तुतकर्ता रहेको फिल्ममा सम्राट बस्नेतको द्वन्द्व निर्देशन, कविराज गहतराज र रामजी लमिछानेको कोरियोग्राफी, बनिश शाहको सम्पादन र समीर मियाँको भीएफएक्स छ।

फिल्ममा सुरेश न्यौपानेको कथा लेखन, सौरभ लामाको छायांकन, शम्भुजित बाँस्कोटा र सागर आले मगरको संगीत छ। फिल्मका निर्माता राज के अधिकारी र सुरज सरकार हुन्। सलोन सलिना फिल्म्सको व्यानरमा निर्माण भएको फिल्मको प्रोडक्सन डिजाइनर केबलमान सिङ बस्नेत र मुख्य सहायक निर्देशक दिप्तप्रकाश अधिकारी हुन्। फिल्मलाई मुस्ताङ र पोखरा क्षेत्रमा खिचिएको हो।

# कांग्रेस बलियो भए प्रजातन्त्र बलियो बन्छ : सभापति देउवा



काठमाण्डु।नेपालीकांग्रेसका सभापति शेरबहादुर देउवाले कांग्रेस बलियो भए प्रजातन्त्र बलियो हुने बताउनुभएको छ । शुक्रबार प्रजातान्त्रिक विचार समाजका नवनिर्वाचित पादधिकारीसँगको भेटमा सभापति देउवाले भन्नुभयो, "कांग्रेस बलियो भएमा मात्र देशमा प्रजातन्त्र बलियो हुन्छ, त्यसैले विभिन्न पेशा, व्यवसाय तथा सबै क्षेत्रमा लागेका प्रजातान्त्रिक विचार राख्नेहरूले कांग्रेस बलियो बनाउनतर्फ लाग्नुपर्छ ।"

उहाँले कांग्रेस र प्रजातन्त्रलाई बलियो बनाउनका लागि समाजबाट आएका सुझाव ग्रहण गर्दै सबै सुझाव कार्यान्वयन गर्ने बताउनुभयो ।

प्रजातन्त्रलाई बलियो बनाउनेबारे समाजसँग बसेर पार्टीले विचार विमर्श गर्ने उहाँको भनाइ छ । सोही अवसरमा सभापति देउवाले नवनिर्वाचित कार्यसमितिका पदाधिकारी एवम् सदस्यलाई सफल कार्यकालको शुभकामना समेत व्यक्त गर्नुभयो । भेटमा समाजले मुलुक विकासका लागि नेपाली कांग्रेस र प्रजातन्त्र बलियो बनाउन आवश्यक रहेको सुझाव दिएको थियो । समाजका नवनिर्वाचित अध्यक्ष कुलचन्द्र वाग्ले भन्नुभयो, "मुलुकको विकास र प्रजातन्त्रलाई बलियो बनाउनका लागि प्रजातान्त्रिक विचार समाजले दिएको सुझाव ग्रहण गरेर कांग्रेस अगाडि बढोस् भन्ने हाम्रो चाहना छ ।"

अध्यक्ष वाग्लेले प्रजातन्त्रमाथि आजपनि विभिन्न क्षेत्रबाट प्रहार हुन खोजेको भन्दै त्यसलाई बलियो बनाउनका लागि समाजले विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको समेत स्पष्ट पार्नुभयो ।

भेटमा समाजका निवर्तमान अध्यक्ष डा केदारनरसिंह केसी, वरिष्ठ उपाध्यक्ष गोकर्ण अर्याल, महासचिव डा वासुदेव भण्डारी, कोषाध्यक्ष पुष्पमान श्रेष्ठलगायत पदाधिकारी एवम् सदस्यको सहभागिता थियो ।रासस

# इटाली भ्रमणलाई मैले सफल भ्रमणका रूपमा लिएको छु : प्रधानमन्त्री दाहाल



काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले आफ्नो इटाली भ्रमण सफल भएको बताउनुभएको छ । इटाली भ्रमणबाट स्वदेश फर्केपछि त्रिभुवन अन्तर ाष्ट्रिय विमानस्थलको अतिविशिष्ट कक्षमा आज आयोजित पत्रकार सम्मेलनमा उहाँले नेपालको सक्रिय सहभागिता र सम्मेलनको दौरानमा भएका महत्वपूर्ण भेटघाटले भ्रमण सफल भएको छ ।

"भ्रमणबाट अन्तर्राष्ट्रिय मञ्चमा नेपालको छवि एक स्वतन्त्र, सार्वभौम, संयुक्त राष्ट्रसङ्घ र समग्र बहुपक्षीयताप्रति प्रतिबद्ध मुलुकका रूपमा अझ बढी मुखरित हुन पुगेको विश्वास लिएको छु", उहाँले भन्नुभयो । सम्मेलनका क्रममा आफू अत्यन्त व्यस्त रहेको जानकारी दिँदै उहाँले इटालीको आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्रमा गरेको विकासको अवलोकन गरेको बताउनुभयो ।

प्रधानमन्त्री दाहालले संयुक्त राष्ट्रसङ्घ, इटाली सरकार र रोमस्थित खाद्य तथा कृषि सङ्गठन, विश्व खाद्य कार्यक्रम र कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोषद्वारा इटालीको रोममा आयोजित 'संयुक्त राष्ट्रसङ्घ फुड सिस्टम समिट प्लस २ स्टकिङ मोमेन्ट' मा नेपालको प्रतिनिधित्व गर्नुभएको थियो ।

सम्मेलनमा नेपालको सहभागिता र सम्मेलनको अवसरमा भएका द्विपक्षीय भेटघाटका क्रममा महत्वपूर्ण छलफल भएको उहाँले जानकारी दिनुभयो । प्रधानमन्त्री दाहालले सम्मेलनको उद्घाटन समारोहमा नेपालको सरकार प्रमुख तथा अतिकम विकसित राष्ट्रको अध्यक्षका हैसियतमा सम्बोधन गर्नुभएको थियो ।

उहाँले सम्मेलनको अत्यन्त महत्वपूर्ण सत्रका रूपमा लिइएको 'खाद्य प्रणालीमा रुपान्तरणको अभ्यास, सफलता र आगामी बाटो' मा नेपालका प्रतिनिधित्व गर्दै मुख्य वक्ताका रूपमा सम्बोधन गरेको बताउनुभयो । "सम्मेलनका क्रममा ' विद्यालय खाजा कार्यक्रमसम्बन्धी सत्र'लाई पनि सरकार प्रमुखको हैसियतमा मैले सम्बोधन गरेँ", उहाँले भन्नुभयो ।

सम्मेलनको मुख्य सत्रलाई सम्बोधनका क्रममा आफूले खाद्य सुरक्षा, पर्याप्त, सुरक्षित र स्वस्थ्यकर खाद्यमा सहज पहुँच, दिगो कृषि विकास, गरिबी निवारण, भोकमरीको अन्त्यलगायत 'एजेन्डा-२०३० 'ले निर्देश गरेका उद्देश्य प्राप्त गर्नमा अतिकम विकसित राष्ट्रहरूले भोग्नु परेका समस्याका बारेमा अन्तर्राष्ट्रिय समुदायसमक्ष राखेको प्रधानमन्त्रीले दाहालको भनाइ छ । "अतिकम विकसित मुलुकका करोडौँको सङ्ख्यामा रहेका जोखिममा परेका नागरिकलाई आशाको दियो सञ्चार गर्नका लागि अन्तर्राष्ट्रिय समुदायले सामूहिक प्रतिबद्धता देखाउनुपर्ने खाँचो पनि प्रस्ट पारेको छु", उहाँले भन्नुभयो ।

प्रधानमन्त्री दाहालले विश्वव्यापी रूपमा देखापरेको जलवायु परिवर्तनलाई थेग्ने दिगो र भरपर्दो उत्पादकत्व वृद्धिका लागि प्रविधि, मल, बजार, पूँजीमा सहज पहुँचको सुनिश्चितता गर्न आवश्यक रहेको विषयलाई जोडदार रूपमा राखेको बताउनुभयो । उद्घाटन सत्रलाई संयुक्त राष्ट्रसङ्घका महासचिव, इटालीका प्रधानमन्त्री तथा अन्य मुलुकका राष्ट्र प्रमुख तथा सरकार प्रमुखले समेत सम्बोधन गर्नुभएको थियो ।

"विद्यालय खाजासँग सम्बन्धित सत्रलाई सम्बोधन गर्दै नेपाल सरकारबाट भएका प्रयास अन्तर्राष्ट्रिय समुदायसमक्ष राखेँ", उहाँले भन्नुभयो, "दिवा खाजा कार्यक्रमसम्बन्धी नेपालको अनुभव यथार्थमा नै सफल अनुभव हो ।" नेपाल सरकार र विश्व खाद्य कार्यक्रमको सहकार्यमा सञ्चालित यस कार्यक्रमबाट ३३ लाखभन्दा बढी बालबालिका लाभान्वित भएका छन् । उक्त कार्यक्रमबाट विद्यार्थीको भर्ना सङ्ख्या, हाजिरी, र उनीको सिकाइको स्तरमा उल्लेख्य परिवर्तन आएको छ । नेपालले गत पाँच वर्षमा दिवा खाजा कार्यक्रमको बजेटमा चार गुणाले वृद्धि गरेको छ । प्रधानमन्त्री दाहालले सम्मेलनका दौरान औपचारिक कार्यक्रमका अतिरिक्त महत्वपूर्ण द्विपक्षीय भेटवार्ता तथा संवाद भएको जानकारी दिनुभयो । सम्मेलनका क्रममा आफूसँग संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टेनियो गटुरेसको भेट भएको र सो भेटमा संयुक्त राष्ट्रसङ्घ र नेपालबीचको सहकार्य तथा सहयोग, विश्व शान्तिमा नेपालले पुऱ्याएको योगदान, बहुपक्षीयता, जलवायु परिवर्तन, गरिबी निवारण तथा खाद्य सुरक्षालगायत विषयमा छलफल भएको प्रधानमन्त्री दाहालको भनाइ छ ।

सम्मेलनका क्रममा बङ्गलादेशका प्रधानमन्त्री शेख हसिनासँग द्विपक्षीय भेटघाट भएको जानकारी दिँदै उहाँले भेटमा नेपाल र बङ्गलादेशबीचको मैत्रीपूर्ण सम्बन्ध, आपसी र क्षेत्रीय सहयोग, अन्तर्राष्ट्रिय मञ्चमा नेपाल र बङ्गलादेशबीचको सहकार्यलगायत विषयमा सौहार्द्रपूर्ण छलफल भएको जानकारी दिनुभयो ।

"बङ्गलादेश सरकार नेपालमा उत्पादित जलविद्युत् खरिद गर्न इच्छुक छ, आर्थिक अन्तरनिर्भरताको यो अत्यन्त महत्वपूर्ण आयाम अब कार्यान्वयनको चरणमा रहेको छ", उहाँले भन्नुभयो । प्रधानमन्त्रीको हालै सम्पन्न भारत भ्रमणका क्रममा नेपालले भारतीय भूमि भएर नेपालको जलविद्युत् बङ्गलादेशमा निर्यात गर्ने सहमति भएको थियो । "त्यसलाई यथाशीघ्र औपचारिकता दिई जलविद्युत् निर्यातको ढोका खोल्ने हाम्रो प्रयासले सार्थकता पाउँदै छ", प्रधानमन्त्री दाहाले भन्नुभयो, "बङ्गलादेशका प्रधानमन्त्रीसँग यस विषयमा अत्यन्त महत्वपूर्ण कुराकानी भएको छ ।"

उहाँले भ्रमणका क्रममा गैरआवासीय नेपाली सङ्घ, इटालीले आयोजना गरेको कार्यक्रममा नेपाली समुदायसँग विभिन्न विषयमा छलफल गरेको जानकारी दिनुभयो । सातदिने भ्रमण सम्पन्न गरी प्रधानमन्त्री दाहाल आज स्वदेश फर्कनुभएको हो । उहाँलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा प्रतिनिधिसभाका सभामुख देवराज घिमिरे, राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिना, उपप्रधानमन्त्री तथा रक्षामन्त्री पूर्णबहादुर खड्का, उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठ, मन्त्रीगण, उच्च सरकारी अधिकारीलगायतले स्वागत गर्नुभयो ।

नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै प्रधानमन्त्री दाहाल यही साउन ६ गते त्यसतर्फ प्रस्थान गर्नुभएको थियो । प्रधानमन्त्री दाहाल नेतृत्वको भ्रमण दलमा उहाँका स्वकीय सचिव एवं छोरी गङ्गा दाहाल, कृषि तथा पशुपन्छी विकासमन्त्री डा बेदुराम भुसाल, राष्ट्रिय योजना आयोगका सदस्य डा जयकान्त राउत, सुरक्षाकर्मी एवं सञ्चारकर्मीलगायत सहभागी हुनुहुन्थ्यो । रासस

## राजीनामा मागिहाल्ने संस्कार राम्रो भएन : प्रधानमन्त्री

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले राजनीतिक उद्देश्यका लागि प्रधानमन्त्री, गृहमन्त्री र अर्थमन्त्रीको राजीनामा मागिहाल्ने संस्कार राम्रो नभएको बताउनुभएको छ ।

इटाली भ्रमणबाट फर्किएपछि त्रिभुवन अन्तर ाष्ट्रिय विमानस्थलको अतिविशिष्ट कक्षमा आयोजित पत्रकार सम्मेलनमा प्रधानमन्त्री दाहालले राजीनामा दिने भए देऊ, नभए सदन चल्दैन भनेर विपक्षीले गरेको अवरोध राम्रो नभएको बताउनुभयो । उहाँले उपप्रधानमन्त्री, मन्त्रीहरूसँग छलफल गरेर यस विषयमा प्रष्ट पार्ने स्पष्ट पार्नुभयो । स्पष्टीकरणको मौका नै नदिई एकोहोरो राजीनामा मात्रै माग्ने संस्कार राम्रो नभएको प्रधानमन्त्री दाहालको भनाइ छ ।

यस्तै देशव्यापीरूपमा महामारीका रूपमा फैलिएको लम्पी स्किन रोग नियन्त्रणका लागि सरकारको तर्फबाट आवश्यक मेहनत गरिएको उहाँले जानकारी दिनुभयो । प्रधानमन्त्री दाहालले मन्त्रिपरिषद्को बैठक, अन्य सरोकारवाला निकायसँगको छलफलमा पनि सो रोग नियन्त्रणका लागि आवश्यक पहल गरिएको र लाखौँ पशु चौपायालाई खोप लगाइएको बताउनुभयो ।

प्रधानमन्त्रीको हैसियतमा संयुक्त राष्ट्रसङ्घ, खाद्य तथा कृषि सङ्गठनद्वारा इटालीको रोममा आयोजित 'फुड सिस्टम समिट प्लस टु'मा सहभागिता आफैँमा महत्त्वपूर्ण रहेको उहाँले जानकारी दिनुभयो । विश्व समुदायमा नेपालको उपस्थिति र हैसियत थप स्थापित गर्न सम्मेलन महत्त्वपूर्ण रहेको प्रधानमन्त्री दाहालको भनाइ छ । रासस

# दिगो विकास तथा सुशासन समितिद्वारा कार्ययोजनाको क्रियाकलाप प्रस्ताव तयार

काठमाण्डु । दिगो विकास र तथा सुशासन समितिले भ्रष्टाचार निवारण र सुशासन प्रवर्द्धनमा जोड दिँदै चालु आर्थिक वर्ष २०८०/८१ को कार्ययोजनाको २१ बुँदे क्रियाकलापसम्बन्धी प्रस्ताव तयार गरेको छ ।

समितिका शुक्रबारको बैठकमा प्रस्तुत प्रस्तावित कार्ययोजनामा भ्रष्टाचार निवारण र सुशासनका सन्दर्भमा नियामक निकायसँग गहन छलफल र अन्तर्क्रियालाई प्राथमिकतामा राखिएको छ ।

समितिले आगामी १६औँ पञ्चवर्षीय योजना, लैङ्गिक उत्तरदायी बजेट र दिगो विकास लक्ष्य साङ्केतीकीरणका विषयमा अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगसँग छलफल कार्यक्रम पनि प्रस्ताव गरेको छ ।

दिगो विकास लक्षित र लैङ्गिक उत्तरदायी योजना निर्माण, पूर्वाधार विकास, खानेपानी, वातावरणीय सन्तुलन तथा फोहर व्यवस्थापन, सुशासन प्रवर्द्धन र सेवा प्रवाहका मुद्दालाई समितिले जोड दिएको सभापति प्रकाश पन्थले जानकारी दिनुभयो । राष्ट्रिय सदाचार नीति जारी गर्ने, दिगो विकास र सुशासनसम्बन्धी ऐन र कानुनको अवस्थाको अध्ययन गर्ने, प्रत्यायोजित अधिकारको उपयोग, सुशासन प्रवर्द्धन कार्यक्रमको समीक्षालाई पनि समितिले प्रस्तावित कार्यक्रममा समेटेको छ ।

दिगो विकास र सुशासनसँग सम्बन्धित निकायसँग छलफल र परामर्श गर्ने, सरकारी कार्ययोजना र दिएको निर्देशन कार्यान्वयन, छानबिन र अनुसन्धानको प्रगतिलाई पनि समितिले आवश्यक ध्यान दिने उल्लेख गरेको छ ।

दिगो विकास लक्ष्य कार्यान्वयनमा हुने संयुक्त राष्ट्रसङ्घको सम्मेलनमा सहभागिता र तयारी छलफल, अति कम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा पदोन्नति हुन आवश्यक पर्ने स्तरोन्नति रणनीति पनि समितिका प्रस्तावित क्रियाकलापका विषय हुन् ।

समितिले दिगो विकास लक्ष्यको स्थानीयकरण, आवधिक योजना समाहित गर्ने, मध्यकालीन खर्च संरचना र बजेट साङ्केतिकीकरण प्रभावकारी तुल्याउने विषयलाई पनि समितिले प्राथमिकीकरणको सूचीमा राखेको छ ।

यसैबीच, समिति मातहत सदस्य भुवन सुनारको संयोजकत्वमा गठित उपसमितिले तयार गरेको दलितका सवाल सम्बन्धित सङ्कल्प प्रस्ताव कार्यान्वयन कार्यायोजनाको मस्यौदा प्रतिवेदन समिति सभापतिसमक्ष पेस गरिएको छ । राष्ट्रियसभाले मातहतका समितिलाई उक्त प्रस्ताव तयार गर्न गात चैत ८ गतेको बैठकबाट सर्वसम्मतिले निर्देशन दिएको थियो ।

उपसमितिले मुलुकका विभिन्न स्थानमा भएको भेला, गोष्ठी र सरोकारवालासँगको छलफल र सुझावका आधारमा प्रतिवेदनको मस्यौदा तयार गरेको हो ।

नेपालको संसदीय अभ्यासमा उक्त सङ्कल्पसम्बन्धी प्रस्ताव महत्वपूर्ण मात्र नभई ऐतिहासिक भएको संयोजक सुनारले बताउनुभयो । रासस

# मुलुकी फौजदारी कार्यविधि संशोधन विधेयक पारित नगर्न आग्रह




काठमाण्डु । मानव अधिकार तथा शान्ति समाजको प्रतिनिधिमण्डलले सभामुख देवराज घिमिरे र राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनासँग भेटगरी संसद्मा प्रस्तुत मुलुकी फौजदारी कार्यविधिसंहिता २०७४ को संशोधन विधेयकप्रति ध्यानाकर्षण गराएको छ ।

सभामुख र अध्यक्षको कार्यालय सिंहदरबारमा शुक्रबार भएको छुट्टाछुट्टै भेटमा शान्ति समाजका अध्यक्ष रामकृष्ण बरालले ज्ञापनपत्र प्रस्तुत गर्दै विधेयक तर्जुमा गर्दा नै लोकतन्त्र र आधारभूत स्वतन्त्रताका मूल्यप्रति संवेदनशील हुँदै नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय मानव अधिकार/मानवीय कानून अनुकूल हुनुपर्नेतर्फ ध्यानाकर्षण गराएको जानकारी दिनुभयो ।संशोधन विधेयक पारित भएमा हिंसालाई वैधानिकता प्रदान गर्ने खतरा उहाँले बताउनुभयो ।

प्रतिनिधिमण्डलमा शान्ति समाजका सभापति बराल, सल्लाहकार उत्तम पुडासैनी, वरिष्ठ उपसभापति कृष्णबहादुर रावल, महासचिव रेनुका पौडेल, सचिव चन्द्रमणि बञ्जारा, कोषाध्यक्ष किरण ढकाल, केन्द्रीय सदस्यद्वय नम्रता खरेल र दिवाकर पुडासैनी, काठमाडौँ शाखा सभापति भगवान पुडासैनी सम्मिलित हुनुहुन्थ्यो ।

सम्बद्ध निकायलाई ध्यानाकर्षण गराउने क्रम पनि जारी रहेको शान्ति समाजले जनाएको छ । रासस

# मन्त्री लिम्बुको अध्यक्षतामा युवा दिवस मुल समारोह समिति



काठमाण्डु । युवा तथा खेलकुदमन्त्री डिगबहादुर लिम्बुको अध्यक्षतामा ' अन्तर्राष्ट्रिय युवा दिवस मूल समारोह समिति' गठन भएको छ ।

आगामी साउन २७ गते मनाइने अन्तर्राष्ट्रिय युवा दिवस मनाउनका लागि मन्त्री लिम्बुको अध्यक्षतामा छ सय ५७ सदस्यीय मूल समारोह समिति गठन गरिएको राष्ट्रिय युवा परिषद्का कार्यकारी उपाध्यक्ष सुरेन्द्र बस्नेतले जानकारी दिनुभयो ।

समिति सदस्यमा विभिन्न मन्त्रालयका प्रतिनिधि, प्रदेश युवा परिषद्का उपाध्यक्ष, युवा केन्द्रित सङ्घसंस्थाका प्रतिनिधि, परिषद् सदस्य नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बलका प्रतिनिधि, राष्ट्रिय खेलकुद परिषद्, युवा स्वरोजगार कोष र नेपाल स्काउटका प्रतिनिधिलगायत रहनुभएको छ ।

यस्तै विभिन्न युवा तथा विद्यार्थी सङ्गठनका प्रतिनिधि, परिषद्सम्वद्ध युवा सञ्जालका प्रतिनिधि, विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका प्रतिनिधि र परिषद्का सबै जिल्ला युवा समितिका अध्यक्षसमेत समितिमा रहनु भएको छ ।

परिषद्को आयोजनामा यस वर्ष 'दिगो विकास लक्ष्य प्राप्तिमा युवाको साथ, हरित विश्व निर्माणमा हरित सिप विकास' भन्ने मूल नाराका साथ दिवस मनाइँदैछ । रासस


**श्री त्रिभुवन आदर्श माध्यमिक विद्यालय**
**जनकपुरधाम उ.म.न.पा.–२३, विन्धी (धनुषा)**

**सूचना ! सूचना !! सूचना !!!**

**तेश्रो पटक प्रकाशित मिति : २०८०/०४/१२**

यस श्री त्रिभुवन आदर्श मा.वि. विन्धी जनकपुरधाम-२३, धनुषाको नाममा दर्ता कायम रहेको तपसिल अनुसारको विवरण भएको पोखरी/डबरा (२०८०।०४।०१-२०८५ आषाढ मसान्त) ५ वर्षको लागि निम्न शर्तका आधारमा गोप्य खामबन्दीबाट ठेक्का लगाउनु परेकोले सम्बन्धित इच्छुक व्यक्तिहरुलाई ठेक्का लागि फारम भर्न अनुरोध गरिन्छ ।

| क्र.स. | ठेगाना | कि.नं. / क्षे.फ. | न्यूनतम वार्षिक रकम | प्रयोजन | टेन्डर खरिद फारम दस्तुर | फारम वितरण मिति | फारम दर्ता अन्तिम मिति | कै. |
|---|---|---|---|---|---|---|---|---|
| १. | जि.ध. जनकपुरधाम उ.म.न.पा.-२३ | ३२३/ १-१२-१२ | १७,७५,२२२/– | माछा पालन | ५००/– | २०८०।०४।१२ देखि २०८०।०४।१८ सम्म | २०८०।०४।१९ विहान १० बजेदेखि दिउँसो १ बजेसम्म | |
| २. | जि.ध.जनकपुरधाम उ.म.न.पा.-२३ | ४७/ ०–१६–१५ | १,६६,५००/– | माछा पालन | ५००/– | | टेन्डर खुल्ने समय २०८०।०४।१९ गते दिउँसो २:३० बजे | |

**आवश्यक कागजात**

**क) नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी, बैंकको भाउचर**

१. कवोल गरेको ५ वर्षको कूल रकमको ५% रकम विद्यालयको ने. बैंक लि. हि.नं. ००८००१००४६४१६४००००००१ मा जम्मा गरी सक्कलै भौचर पेश गर्नुपर्नेछ ।
२. भौचर ठेक्का भर्ने व्यक्तिको नाम कै हुनुपर्छ ।
३. ठेक्का स्वीकृत भएको मितिले (सात) दिन भित्र प्रथम किस्ताको रकम विद्यालयको खातामा जम्मा गरी धन जमानतको आवश्यक कागजातसहित चलन पूर्जीको लागि निवेदन दिनु पर्नेछ । धनजमानी प्रक्रिया समाप्त भएपछि चलन पूर्जीको प्रक्रिया अगाडि बढाइनेछ । समयमा निवेदन नदिए ठेक्का धरौटी रकम जफत गरी सो भन्दा घटी वालाको नाममा ठेक्का स्वीकृत हुनेछ ।
४. कबोल गरेको रकमको कम्तीमा तीन वर्ष बमोजिम रकमको धन जमानी राख्नु पर्नेछ ।
५. पहिलो किस्ता समाप्त हुनु १ महिना अगाडी अर्को किस्ताको रकमको बैंक भौचर सहित अर्को सालको चलन पूर्जीको लागि निवेदन दिनु पर्नेछ ।
६. तीन भन्दा कम टेण्डर भरिएमा टेण्डर खोल्ने मिति सारिनेछ । थप टेण्डर भर्न समय दिइनेछ ।
७. विद्यालयको रकम बाँकी रहेको व्यक्तिको नाममा ठेक्का स्वीकृति हुने छैन ।
८. ठेक्का स्वीकृतिको अन्तिम निर्णय विद्यालयमा निहित हुनेछ ।
९. थप जानकारीको लागि विद्यालयमा सम्पर्क राख्नु हुन अनुरोध छ ।

**सम्पर्क नं.** ९८४४०२१२०९, ९८४४०२१८४५

**प्रधानाध्यापक**

# बेलायतले आप्रवासी शरणार्थीलाई महङ्गा होटेलको सट्टा पालमा राख्ने

एएफपी

लण्डन । बेलायत सरकारले आगामी महिनाहरूमा च्यानल पार गर्ने साना डुङ्गाहरुको सङ्ख्या बढ्न नदिन आप्रवासीहरूलाई पालमा राख्ने योजना बनाएको बेलायती सञ्चार माध्यमहरुले शुक्रबार जनाएका छन् ।

बेलायतको गृह मन्त्रालयले दुई हजार आप्रवासीलाई राख्न सक्ने पाल खरिद गरेको र अगस्टको अन्त्यसम्ममा अप्रयुक्त सैन्य स्थलमा टेन्ट निर्माण गर्ने योजना बनाएको बेलायती सञ्चारमाध्यमहरूले जनाएका छन् ।



गत ग्रीष्मऋतुको अन्त्यतिर दक्षिणपूर्वी इङ्ग्ल्यान्डको किनारमा आउनेहरूको सङ्ख्यामा वृद्धि भएपछि व्यवस्थापनका लागि सरकार तयार नभएको भन्दै सरकारी अधिकारीको आलोचना भएको थियो । द टाइम्सका अनुसार कथित टेन्ट योजनाले यसको पङ्क्तिभित्र बेचैनी पैदा गरेको छ । यद्यपि, यसमा केही अधिकारीहरूले यसको प्रयोगलाई एकाग्रता शिविरहरूसँग तुलना गरेका थिए ।

उच्च अदालतले गृह मन्त्रालयद्वारा सञ्चालित होटलको 'व्यवस्थित र नियमित' लामो समयसम्म प्रयोग गरेर एक्लो आप्रवासी बालबालिकालाई राख्न प्रयोग गर्नु 'गैरकानुनी' भएको फैसला सुनाएको एक दिनपछि पनि यी रिपोर्टहरू आएका हुन् । क्रस-च्यानल आप्रवासी आगमनमा वृद्धिले यूके सरकारको स्रोतहरू विस्तार गरेको छ र उनीहरूको उपचारमा उग्र राजनीतिक कटुता निम्त्याएको छ ।

गत वर्षको अन्त्यसम्ममा एक लाख ६० हजारभन्दा बढी शरणार्थीहरू आफ्नो आवेदनको प्रक्रियाको पर्खाइमा थिए । यसबीचमा, हजारौं थप आप्रबासी बेलायती तटमा आइपुगेका छन् र अगस्टदेखि अक्टोबरसम्मका महिनाहरूमा अकी वृद्धि हुने अपेक्षा गरिएको छ । यद्यपि, प्रधानमन्त्री ऋषि सुनकले 'डुङ्गाहरू रोक्ने' प्रतिज्ञा गर्नुभएको छ र उहाँको सरकारले यसै महिना च्यानल र अन्य 'अवैध' मार्गहरू मार्फत आउने जो कोहीले शरणको दाबी गर्न प्रतिबन्ध लगाउने विवादास्पद कानून पारित गरेको छ ।

यसैबीच गृहमन्त्री सुएला ब्रेभरम्यानले शरणार्थी मामिला प्रणालीमा महँगा होटलका कोठाको प्रयोग कम गर्ने उद्देश्यले विवादास्पद आवास नीतिहरू प्रस्तुत गर्नुभएको छ । शरणार्थीलाई राख्न प्रयोग गरिने आवासका लागि बेलायतले हाल दैनिक ६० लाख पाउण्डस्टर्लिङ ९४ ७।८ लाख अमेरिकी डलर ० खर्च गर्दछ ।

इङ्ल्यान्डको दक्षिणी तटमा रहेको बिब्बी स्टकहोममा मङ्गलबारदेखि ५० जना एकल पुरुष आप्रवासीलाई आश्रय दिन सुरु गरिने भएको छ । प्रमुख विपक्षी लेबर पार्टीका यवेट कूपरले बीबीसी रेडियोलाई बताएअनुसार टेन्टको योजनाबद्ध प्रयोग टोरी नीतिको असफलताको सङ्केत हो ।

'उनीहरूले सबै अराजकता अन्त्य गर्ने वाचा गरे, वास्तवमा उनीहरूले यसले काम गर्ने आशा गरिरहेका छैनन्,' उहाँले भन्नुभयो । परोपकारी संस्था रिफ्यूजी एक्सनका प्रमुख टिम नाओर हिलूटनले उक्त रिपोर्टलाई 'आश्चर्यजनक' भन्नुभएको छ ।

गृह मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ, ँहामी स्पष्ट छौं कि शरण खोज्नेहरूलाई राख्न होटलको प्रयोग अस्वीकार्य छ ।' 'हामी सरकार र स्थानीय अधिकारीहरूसँग आवास विकल्पहरूको दायरा हेर्नेको लागि काम जारी राख्छौं ।

'शरण चाहनेहरूलाई 'नो च्वाइस बेसिस'मा प्रदान गरिएको आवासले हाम्रो कानुनी र करार अनुसारका आवश्यकताहरू पूरा गर्दछ,' विज्ञप्तिमा भनिएको छ ।

# राष्ट्रिय फुटबल टोलीमा तीन खेलाडी थपिए

काठमाण्डु । राष्ट्रिय फुटबल टोलिका मुख्य प्रशिक्षक भिन्सेन्जो अलूबटी एनेसले फिफा विश्वकप फुटबल-२०२६ र एएफसी एसियन कप-२०२७ को एसिया छनोटका लागि आज प्रारम्भिक टोलीमा तीन खेलाडी थप्नुभएको छ ।

थपिएका खेलाडीमा फ्रेन्ड्स क्लबमा मिडफिल्डर सन्तोष खत्री, कुशल फुयाल र जावलाखेल युथ क्लबका फरवार्ड हिसुब थपलियालाई राष्ट्रिय टोललीको प्रारम्भिक टोलीमा थप्नुभएको हो । यस तीन खेलाडी थपिएसँगै अब प्रारम्भिक टोलीमा ३३ सदस्यीय टोली बनेको छ ।

प्रशिक्षक भिसेन्जोले तीन खेलाडीको आत्मविश्वास बढाउन राष्ट्रिय टोलीमा स्थान दिएको बताउनुभयो । नेपालको राष्ट्रिय फुटबल टोलीले विश्वकप र एसिया कप छनोटको प्रारम्भिक चरणमा लाओससँग खेल्नेछ ।

नेपाल र लाओसवीचको खेल होम एन्ड अवे गरी दुई खेल हुनेछ । जसमा पहिलो लेग अक्टोबर १२ तारिखमा हुनेछ भने दोस्रो लेग अक्टोबर १७ तारिखमा हुनेछ । यस खेलमा नेपालले विजयी हासिल गरेमा दोस्रो चरणमा प्रवेश गर्नेछ ।

नेपाली टोलीले आगामी अगष्ट १ तारिखदेखि बन्द प्रशिक्षणको सुरुआत गर्ने जनाएको छ । प्रारम्भिक चरणमा छनोट भएका नेपाली टोलीको गोलकिपरमा किरण लिम्बु, अनिष देउला, दीप कार्की र अभिषेक बराल छन् ।

त्यस्तै डिफेन्डरमा बिमल पाण्डे, सनिष श्रेष्ठ, अनन्त तामाङ, देबेन्द्र तामाङ, अशिष श्रेष्ठ, रोहित चन्द, सिमान्त थापा, अन्जल महर्जन, छिरिङ लामा र अन्जन राई छन् ।

मिडफिल्डरमा एरिक विष्ट, सुदीप गुरुङ, लाकेन लिम्बु, आभाष लामिछाने, उत्सब राई, बिशाल तामाङ, बिबेक पौडेल, कृतिश रत्न छुन्जु, सन्तोष खत्री र कुशल फुयाल छन् भने फरवार्डमा आयुश घलान, नवयुग श्रेष्ठ, अन्जन विष्ट, मनिष डाँगी, आषिश चौधरी, बिमल घर्तिमगर, जिलेस्पी जङ्ग कार्की, दिनेश हेन्जन र हिशुब थपलिया रहेका छन् । रासस

# नाइजरको सैन्य विद्रोह अन्तिम होइन: फ्रान्स




एएफपी

नियामे । फ्रान्सले पश्चिम अफ्रिकी मुलुक नाइजरमा बुधबार राति भएको सैनिक विद्रोह अन्तिम नभएको उल्लेख गर्दै त्यसमा सैन्य अधिकारको समर्थन भएकाले सत्ता विप्लवमा लागेकाले जितेका बताएको छ ।

नाइजरलाई उपनिवेश बनाएको फ्रान्सले वर्तमान परि स्थितिको विश्लेषण गर्दै सैन्य विद्रोहलाई अन्तिम मान्न नसकिने बताएको हो । सबै सैन्य अधिकारी एकताबद्ध नरहेका सङकेत गर्दै फ्रान्सेली विदेशमन्त्री क्याथरिन कोलोनाले उक्र कुरा बताउनुभएको हो ।

सेनाको एक टोलीले राष्ट्रिय टेलिभिजनबाट विद्रोहको घोषणा गर्दै राष्ट्रपतिलाई अपदस्त गरेको दाबी गरेको छ । सैन्य टोलीले राष्ट्रपति मोहम्मद बाजुमलाई बुधबार बिहानैदेखि सेनाले नियन्त्रणमा लिएको छ भने देशको संविधान विघटनका साथै सबै संस्था निलम्बन गरिएको घोषणा पनि गरेको छ ।

फ्रान्सेली विदेशमन्त्रीले सैनिक घेरामा राष्ट्रपति निवासमा रहेका राष्ट्रपति बाजुमसँग राष्ट्रपति इम्यानुएल म्याक्रोंले टेलिफोन वार्ता गर्नुभएको जानकारी दिँदै बन्दी बनाइएका राष्ट्रपति स्वस्थ रहेको बताउनुभएको छ । 'नाइजरक राष्ट्रपतिसँग सम्पर्क कायम गर्न सकिन्छ, उहाँ अगम्य हुनुहुन्न,' उहाँले भन्नुभएको छ ।

अफ्रिकी तथा अन्य अन्तरराष्ट्रिय संस्था, नाइजरका सहयोगी जर्मनी संयुक्त राज्य अमेरिका, युरोपेली सङ्घ, फ्रान्सलगायत देशका साथै संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले सैन्य विद्रोहको निन्दा गर्दै राष्ट्रपति बाजुमलाई अविलम्ब रिहा गर्न आह्वान गरेका छन् ।

सैनिक घेरामा रहनुभएका नाइजरका राष्ट्रपति मोहम्मद बाजुमले ठूलो सङ्घर्षबाट प्राप्त लोकतन्त्रलाई जोगाउने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । सामाजिक सञ्जालमार्फत उहाँले प्रजातन्त्र र स्वतन्त्रताका पक्षधर सबै नाइजसवासी आफ्नो पक्षमा रहेका बताउनुभएको हो । उहाँले लोकतन्त्रका निम्ति साहसपूर्वक लड्ने दृढता पनि व्यक्त गर्नुभएको हो ।

नाइजरका विदेश मन्त्री हसौमी मसुदुउले देशको वैध शक्ति निर्वाचित राष्ट्रपति भएकाले विद्रोहमा उत्रेका सबै सिपाहीलाई काममा फर्कन र वार्ताका माध्यमबाट समस्याको निकास खोज्नुपर्नेमा जोड दिनुभएको छ । उहाँले गणतन्त्रको विपक्षमा जान नसकिने पनि स्पष्ट गर्नुभएको छ ।

भूपरिवेष्टित राष्ट्र नाइजर विश्वकै निर्धनतम राष्ट्रमध्येको एक हो । सन १९६० मा फ्रान्सबाट स्वतन्त्र भएपछि चारपटक यस्ता विद्रोह भइसकेका छन् । राष्ट्रपति बाजुमविरुद्ध पनि दुई पटक विद्रोह भएको छ । रासस

# नेत्री सुचीलाई कारागारबाट सारियो

एएफपी

याङ्गुन । सन् २०२१ को सैनिक विद्रोहमा अपदस्थ गरिएकी म्यान्माकी प्रजातन्त्रवादी नेत्री आङ सान सुचीलाई कारागारबाट सरकारी भवनमा सारिएको छ ।

नेश्नल लिग फर डिमोक्रेसीका एक अधिकारीका अनुसार सोमबार राति नेत्री सुचीलाई उच्चस्तरीय परिसरमा सारिएको हो । उहाँले तलूलो सदनका सभामुख सभामुख ति खुन म्याटसँग भेटवार्ता पनि गर्नुभएको छ । उहाँले चीनका एसियाली मामिलासम्बन्धी विशेष दूत देङ सिजुआनलाई पनि भेट्ने सम्भावना रहेको ती अधिकारीले पुष्टि गरेका छन् । यसै महिना थाइलूयान्डका विदेशमन्त्रीले उहाँसँग भेटवार्ता गरेका थिए । म्यान्मामा विकसित पछिल्लो घटक्रमबारे जानकार एक अर्का अधिकारीका अनुसार नेत्री सुचीलाई राजधानी नेपिटस्थित विशिष्ट व्यक्ति आवासमा उहाँलाई सारिएको छ ।

निर्वाचित नेत्री सुचीलाई अपदस्थ गरिएसँगै देशमा भड्केको हिंसामा परी तीन हजार आठ सयभन्दा बढीको मृत्यु भएको छभने दश लाखभन्दा बढी विस्थापित भएका छन् ।

हिरासतमा रहनुभएकी ७८ वर्षीय नोबेल पुरस्कार विजेता सुचीको स्वास्थ्यलाई लिएर चिन्ता व्यक्त भएको छ । उहाँमाथि भ्रष्टाचार, गैरकानूनीरूपमा वाकीटकी राखेको, कोरोना महामारीमा जारी गरिएका प्रतिबन्धको पालना नगरेकोलगायत आरोपमा ३३ वर्षको जेल सजाय सुनाइएको छ ।

# चियानी नाइजरको नयाँ नेता घोषित

सिन्ह्वा

नियामी । नाइजरको प्रेसिडेन्सियल गार्डका नेता जनरल अब्दूरहामाने चियानीलाई 'नेसनल काउन्सिल फर द सेफगार्ड अफ द होमल्याण्ड' को अध्यक्ष नियुक्त गरिएको सरकारी टेलिभिजनले शुक्रबार जनाएको छ ।

देशको रक्षा तथा सुरक्षा बल ९एफडीएस०ले बुधबार सरकारी टेलिभिजनमा प्रसारित एक प्रेस विज्ञप्तिमार्फत राष्ट्रपति मोहम्मद बाजुमलाई अपदस्त गरेको जानकारी गराएको थियो ।

सेनाको एक टोलीले राष्ट्रिय टेलिभिजनबाट विद्रोहको घोषणा गर्दै राष्ट्रपतिलाई अपदस्त गरेको हो । सैन्य टोलीले राष्ट्रपति मोहम्मद बाजुमलाई बुधबार बिहानैदेखि सेनाले नियन्त्रणमा लिएको र देशको संविधान विघटनका साथै सबै संस्था निलम्बन गरिएको घोषणा पनि गरेको छ ।

एफडीएस र नेसनल काउन्सिल फर द सेफगार्ड अफ द होमल्याण्डका सदस्य कर्णेल मेजर अमादोउ अब्द्रामानेले भन्नुभयो, ँदेशको सुरक्षा स्थितिको निरन्तर खस्कँदो अवस्था, कमजोर आर्थिक र सामाजिक प्रशासनका कारण यो कदम लिइएको हो ।'

# एसियाली खेलकुदमा पदक जित्ने कराते खेलाडीलाई नगद पुरस्कार दिने व्यवस्थापक वैद्यको घोषणा

टुडे समाचारदाता

काठमाण्डु । करातेको बी टिमका खेलाडीलाई ट्र्याकसुट प्रदान गर्दै निवासगोपाल वैद्य। तस्बिर स् दीपक श्रेष्ठ।करातेको बी टिमका खेलाडीलाई ट्र्याकसुट प्रदान गर्दै निवासगोपाल वैद्य।




चीनको हाङझावमा हुने १९ औं एसियाली खेलकुदमा पदक जित्ने कराते खेलाडीलाई नगद पुरस्कार दिने व्यवस्थापक निवासगोपाल वैद्यले घोषणा गरेका छन् ।

करातेका पुराना प्रशिक्षक तथा नेपाल कराते महासंघका सल्लाहकार समेत रहेका वैद्यले एसियाली खेलकुदमा स्वर्ण जित्ने नेपाली कराते खेलाडीलाई तीन लाख, रजत जित्नेलाई दुई लाख र कास्य जित्नेलाई एक लाख पुरस्कार दिने घोषणा गरेका हुन् ।

हाल नेपाली राष्ट्रिय कराते टिमको व्यवस्थापकको भूमीका रहेका वैद्यले खेलाडीलाई प्रोत्साहन स्वरुप नगद पुरस्कार घोषणा गरेका हुन् ।

वैद्यले कराते टिमको बन्द प्रशिक्षणमा रहेर राष्ट्रिय टिमसँगै बसेर प्रशिक्षण गर्ने बी टिमका आठ खेलाडीलाई ट्र्याकसुट समेत प्रायोजन गरेका छन् । उनले चार जना अफिसियलाई पनि ट्र्याकसुट दिएका छन्। जम्मा १२ जोर ट्र्याकसुटका लागि ४० हजार रुपैयाँ लागेको वैद्यले बताए। असोज ६ गतदेखि चीनमा हुने एसियाली खेलकुदमा नेपालका ८ कराते खेलाडीले प्रतिस्पर्धा गर्दैछन्। कराते खेल नेपालले पदकको आसा गरेको मध्येको खेल हो।

उमेरले ६५ वर्ष कटे पनि वैद्य अहिले पनि सक्रिया रहेर प्रशिक्षण गराउँदै आएका छन्। पछिल्लो समय भने उनलाई राष्ट्रिय कराते टिमको व्यवस्थापकको भूमीका दिइएको छ ।

# पिएनजीको टी-२० विश्वकप २०२४ मा स्थान पक्का, क्षेत्रीय छनोटबाट विश्वकप पुग्ने संख्या ३ पुग्यो

टुडे समाचारदाता

काठमाण्डु । पपुवा न्युगिनी (पिएनजी) आइसिसी टी-२० विश्वकप २०२४ मा छनोट भएको छ।

इस्ट एसिया प्यासेफिक छनोटअन्तर्गत शुक्रबार फिलिपिन्सलाई पराजित गरेसँगै पिएनजी अन्तिम खेलअघि नै विश्वकपमा पुगेको हो। इस्ट एसिया प्यासेफिकको अन्तिम छनोटमा पिएनजीसँगै जापान, फिलिपिन्स र भानुआटुले प्रतिस्पर्धा गरेका थिए। डबल राउन्ड रोबिनमा चलेको प्रतिस्पर्धामा पिएनजीले लगातार पाँच खेलमा जित निकालेर विश्वकपमा स्थान पक्का गरेको हो।




यसअघि युरोप छनोटबाट आयरलूयान्ड र स्कटलूयान्डले टी-२० विश्वकपमा स्थान बनाएका थिए। आइसिसीले विश्व छनोट हटाएर सन् २०२४ को टी-२० विश्वकपका लागि क्षेत्रीय छनोटबाट टिम छनोट गर्ने नियम लागू गरेको छ। जसअन्तर्गत अहिले युरोप छनोटसँगै एसियाको पहिलो चरणको छनोट र इस्ट एसिया प्यासेफिकको पनि छनोट भएको हो।

एसियाको अन्तिम छनोट आगामी नोभेम्बरमा नेपालमा हुँदैछ। जहाँ आठ टिमले भाग लिँदैछन्। आठ टिम मध्ये शीर्ष दुईमा पर्न सके नेपाल आगामी वर्ष अमेरिका र वेस्ट इन्डिजमा हुने विश्वकपमा पुग्नेछ।

**टी-२० विश्वकप २०२४ मा २० टिम**

अमेरिका र वेस्ट इन्डिजले आइसिसी टी-२० विश्वकप २०२४ संयुक्तरूपमा आयोजना गर्दैछन् । हिलोपटक उत्तर अमेरिका क्षेत्रमा हुन लागेको टी-२० विश्वकपमा पहिलोपटक २० टिमले सहभागिता जाउँदैछन् । २०२४ को टी-२० विश्वकपमा १२ टिम सिधै छनोट भएका छन् भने ८ टिमले क्षेत्रीय छनोट चरण पार गर्नुपर्नेछ ।

गत वर्षको अक्टोबर( नोभेम्बरमा अस्ट्रेलियामा भएको टी-२० विश्वकपको शीर्ष आठ टिम २०२४ को विश्वकपका लागि सिधा छनोट भइसकेका छन्। जसमा अस्ट्रेलिया, इंग्लूयान्ड, भारत, नेदरलूयान्ड्स, न्युजिलूयान्ड, पाकिस्तान, दक्षिण अफ्रिका र श्रीलंकाले शीर्ष आठमा परेर २०२४ को विश्वकपका लागि स्थान पक्का गरिसककेका छन् ।

अमेरिका र वेस्ट इन्डिज आयोजकको हैसियतमा छनोट भइसकेका छन्। अमेरिकाले पहिलो टी(२० विश्वकप खेलूदैछ। १४ नोभेम्बर २०२२ सम्मको विश्व वरीयतालाई अकी छनोटको आधार मानिएको थियो। जसबाट अफगानिस्तान र बंगलादेशले टी-२० विश्वकपमा स्थान बनाइसकेका छन्।

**सिधा छनोट भएका टिम**

टी-२० विश्वकप २०२२ को शीर्ष ८ टिम ९अस्ट्रेलिया, इंग्लूयान्ड, भारत, नेदरलूयान्ड्स, न्युजिलूयान्ड, पाकिस्तान, दक्षिण अफ्रिका र श्रीलंका० आयोजक अमेरिका र वेस्ट इन्डिज गरी २ टिम

**एसिया छनोट**

एसियाको अन्तिम छनोटमा नेपालले स्थान बनाइसकेको छ। अन्तिम छनोटमा नेपालसँगै युएई, ओमान, हङकङ, सिंगापुर र बहराइन अन्तिम छनोटमा पुगिसकेका छन् । अहिले प्रारम्भिक छनोटबाट दुई टिम एसिया छनोटको अन्तिम चरणमा स्थान बनाउन प्रतिस्पर्धा गरिरहेका छन् ।

एसियाको पहिलो चरणको समूह 'ए' मा कुवेत, मालूदभ्स, कतार र साउदी अरेबिया छन् भने समूह 'बी' मा भुटान, चीन, मलेसिया, म्यानमार र थाइलूयान्ड छन्। दुवै समूहको शीर्ष टिम एसिया छनोटमा पुग्नेछन्।

**एसिया छनोटका शीर्ष दुई टिम विश्वकपमा**

बहराइन, नेपाल, ओमान, हङकङ, सिंगापुर, युएई, छनोट ए विजेता, छनोट बी विजेता - दुई टिम टी-२० विश्वकप २०२४ मा पुग्ने।

एसियाको अन्तिम चरणको छनोट नोभेम्बरमा नेपालमा हुनेछ। यसपटकदेखि क्षेत्रीय छनोटबाटै टी-२० विश्वकपका लागि सिधा छनोट हुने प्रावधानसँगै नेपालले एसिया छनोट खेल्न लागेको हो। यो छनोटको शीर्ष दुईमा पर्ने टिम अकी वर्ष अमेरिका र वेस्ट इन्डिजमा हुने टी-२० विश्वकपमा छनोट हुनेछन् ।

# बीस वर्षपछि महिलालाई मृत्युदण्ड

एएफपी

सिङ्गापुर । अपराध नियन्त्रण गर्न मृत्युदण्ड प्रभावकारी हुने दाबी गर्दै आएको सिङ्गापुरले लागुऔषध तस्करीमा दोषी ठहरिएकी एक महिलालाई आज मृत्युदण्ड दिएको छ ।

एम्नेष्टि इन्टरनेशनललगायत मानवअधिकारवादी संस्थाले प्राण हरणको उक्त दण्ड स्थगनका निम्ति गरेको अपीललाई बेवास्ता गर्दै पचास ग्राम हेरोइन तस्करी गरेको अभियोगमा दोषी ठहर भएकी ४५ वर्षीया सरिदेवी जामानीलाई फाँसी दिएको हो ।

सिङ्गापुरले २० वर्षपछि पहिलोपटक महिलालाई झुन्ड्याएर मृत्युदण्ड दिएको हो । सन् २०२२ को मार्चदेखि कार्यान्वयन गरिएको यो पन्ध्रौं मृत्युदण्ड हो । बीस वर्षअघि यस्तै प्रकृतिको अपराधमा केशकर्तन एवम् सौन्दर्य सेवा प्रदायक केन्द्रमा काम गर्ने ३६ वर्षीय एक महिलालाई झुन्ड्याइएको थियो ।

लागू औषध नियन्त्रण कार्यालयले एक विज्ञप्ति निकालेर जामानीलाई मृत्युदण्ड दिइएको पुष्टि गरेको छ । हेरोइन तस्करीमा दाषी मानिएका ७९ वर्षका मोहम्मद अजिज बिन हुसेनलाई गत बुधबार चङ्गी जेलमा मृत्युदण्ड दिइएको थियो ।

विश्वका धेरै देशले मृत्युदण्डको सजाय परित्याग गर्दै लागू औषधसम्बन्धी मुद्दा सम्बोधनका निम्ति उदार नीति अङ्गीकार गरिरहेको परिप्रक्ष्यमा सिङ्गापुरले त्यसलाई मनन नगर्नु दुर्भाग्यपूर्ण भएको एम्नेस्टीले बताएको छ । लागुऔषध नियन्त्रणको नाममा मृत्युदण्ड दिने क्रम जारी राख्नु अनुचित भएको टिप्पणी पनि एम्नेस्टीले गरेको छ ।

कोभिड-१९ को महामारीमा दुई वर्षको अन्तरालपछि सरकारले फाँसीको सजाय पुनःकार्यान्वयन गरेको हो । अधिकारवादी सङ्गठन ट्रान्सफर्मेटिभ जस्टिस कलेक्टिभ ९टिजेसी०ले अगामी बिहीबार लागू औषध मुद्दाका अर्को दोषीलाई मृत्युदण्डको सजाय हुन लागेको जनाएको छ । पचास ग्राम हेरोइन तस्करी गरेको आरोपमा सन् २०१६ मा पक्राउ परेका उनलाई २०१९ मा अदालतले मृत्युदण्डको फैसला सुनाएको हो ।

गत बुधबार र आज झुन्ड्याइएकाहरूलाई आममाफी दिन त्यो सम्भव नभए प्राणदण्डको सट्टा त्यसलाई आजीवन कारवासको सजायमा रुपान्तरण गर्न राष्ट्राध्यक्षसमक्ष अपील पनि गरिएको थियो ।

# फिलिपिन्समा डुङ्गा दुर्घटना, तीस जनाको मृत्यु

एएफपी

मनिला । क्षमताभन्दा धेरै यात्री बोकेको यात्रीबाहक एउटा डुङ्गा फिलिपिन्सको राजधानी मनिला नजिक रहेको एउटा तालमा दुर्घटना हुँदा ३० जनाको मृत्यु भएको छभने ४० जनाको उद्धार गरिएको छ । बयालीस जना यात्री क्षमताको उक्त डुङ्गामा ७० जना सवार थिए ।

तालमा हुरी चलेको त्यसबाट त्रस्त अधिकांश यात्री डुङ्गाको एकभागमा एकत्रित हुँदा सन्तुलन बिग्रेर दुर्घटना भएको फिलिपिन्सका तटरक्षकले बताएका छन् । डुङ्गामा अन्य यात्री पनि रहेका आशङ्का गरिएको छ ।

बिनगोनान नगरपालिकाको बन्दरगाहबाट लागुना तालमा रहेको टापुतर्फ गइरहेका बेला बिहीबार अपराह्न उक्त दुर्घटना भएको हो । सात सयभन्दा बढी टापु भएको फिलिपिन्समा जल यातायात सुरक्षा नियम पालना नहुँदा वर्सेनि सयौंले ज्यान गुमाउने गरेका छन् ।

# कोषले मुनाफाभन्दा सञ्चयकर्ताको हित हेरेको छ : प्रशासक धिताल

**आम कर्मचारीको हितका लागि स्थापित कर्मचारी सञ्चय कोषले छ दशक बढीको यात्रा तय गरेको छ। कूल रु पाँच खर्ब बराबरको कोष परिचालन गरेर सो संस्थाले कर्मचारीको समग्र सेवा र सामाजिक सुरक्षाको क्षेत्रमा महत्वपूर्ण योगदान गरेको छ। नेपालको पूर्वाधार क्षेत्र विशेष गरी जलविद्युत् आयोजनामा लगानी गर्ने अग्रणी संस्थाका रूपमा पनि कोष स्थापित छ। बेतन कर्णाली जलविद्युत् आयोजना सहायक कम्पनीमार्फत निर्माण गर्ने अन्तिम तयारी भइरहेको छ। नेपाल वायुसेवा निगमको जहाज खरिदका लागिसमेत कोषले रु २२ अर्ब बराबरको लगानी गरेको छ। कोषले सम्पादन गरिरहेका काम कारबाही र आगामी दिनमा सञ्चालन गर्न लागेका गतिविधिका सन्दर्भमा कोषका प्रशासक जीतेन्द्र धितालसँग गरेको अन्तर्वार्ताको सम्पादित अंश :**



**प्र. कर्मचारी सञ्चय कोषले पछिल्ला दिनमा के–कस्ता काम कारबाही गरिरहेको छ ?**

- कर्मचारी सञ्चय कोष देशको अग्रणी संस्था हो । छ दशकभन्दा बढीको इतिहास भएको संस्था भएकाले सञ्चयकर्ताले विश्वास गरेका छन्। पछिल्ला दिनमा हामीले संस्थाको सुदृढीकरण र आधुनिकीकरणमा जोड दिएका छौँ । त्यसमा धेरै काम भइसकेको छ। ढड्डाबाट सुरु भएको संस्थालाई हामीले पूर्णरूपमा डिजिटल बनाइसकेका छौँ । सेवाग्राहीलाई सहजरूपमा कसरी सेवा दिन सकिन्छ भनेर आन्तरिक सुधारका कामलाई अगाडि बढाएका छौँ। हिसाबकिताब तथा बैंक तथा वित्तीय संस्थासँगको समन्वयको कामलाई पनि सेवाग्राहीको उपस्थितिबिना नै गर्न सकिने गरी प्रणालीगत सुधार गरेका छौँ। अहिले हामी रु पाँच खर्ब प्लसको संस्था भएका छौँ । हामीले यही स्रोतलाई परिचालन गरेर सञ्चयकर्तालाई नयाँनयाँ केकस्ता सुविधा र योजना दिने तथा उनीहरूलाई थप विश्वस्त बनाउने भन्ने सन्दर्भमा काम गरिरहेका छौँ । त्यसमा हामी सफल पनि छौँ । कोष परिचालनलाई पनि बढीभन्दा बढी सुरक्षित र व्यवस्थित बनाउन लागिपरेका छौँ । समग्रमा हामीले आन्तरिक सुधार पनि गर्‍यौँ, नीति, नियम, कार्यविधि तथा अन्य काममा सहजीकरण पनि गरेका छौँ । यसबीचमा संस्थागत सुदृढीकरण र आन्तरिक व्यवस्थापनको काम नै विशेष प्राथमिकतामा परेका छन्।

**प्र. आन्तरिक सुदृढीकरणका विषय नितान्त आन्तरिक विषय भए, तर सञ्चयकर्ता वा आम कर्मचारीले कोषबाट केकस्ता सुविधा पाए भन्ने विषय महत्वपूर्ण हुन जान्छ। तपाईको विचारमा कोषले खासमा नयाँ त्यस्तो के गरिरहेको छ ?**

- हाम्रा सबैजसो कार्यक्रम सञ्चयकर्ताको हितमा नै हुन्छन् र छन् । उहाँहरूको पैसा नै हामीले परिचालन गर्ने हो। बैंक तथा वित्तीय संस्थाले केबल नाफालाई मात्रै केन्द्रित गर्छन् । तर हामीले नाफालाई भन्दा पनि सुविधालाई बढी केन्द्रमा राखेर काम गरिरहेका छौँ। हामीले कमाएको र प्रतिफल हासिल गरेको रकमको कूल ९० प्रतिशत बराबरको हिस्सा सञ्चयकर्ताको हितमा नै परिचालन गर्छौं । त्यसैले हामीले कोषको मुनाफाभन्दा पनि सञ्चयकर्ताको हित हेर्ने हो, त्यही गरिरहेका छौँ । पछिल्ला दिनमा हामीले विशेष गरेर दुई प्रकारका सुविधालाई केन्द्रमा राखेका छौँ । सेवामा नै रहेका बेला सञ्चयकर्तालाई आर्थिकरूपमा केही सहयोग गर्न सकिन्छ कि भन्ने कोणबाट हामीले हेरिरहेका छौँ । त्यसबमोजिम सहयोग गरिरहेका पनि छौँ। बाहिरबाट हेर्दा मानिसले ऋण त हो नी भनेर बुझ्लान तर ऋण पनि त हामीले यति सरल र सहजरूपमा दिएका छौँ कि लिने र दिनेमा खासै भिन्नता राखेका छैनौँ । पछिल्ला दिनमा त सञ्चयकर्ताको निक्षेपको ब्याजभन्दा हामीले दिएको ऋणको ब्याज कम भएको अवस्था छ। बरु, बढी नै हामीले दिएका छौँ। ठूलो कोष भएकाले पनि यो सम्भव भएको हो। धेरैलाई लाभ दिन सक्नुको पछाडि व्यवस्थितरूपमा कोषको परिचालन तथा संस्थागत सुशासन पनि अर्को कारण हो । सञ्चयकर्ता अवकाश भएपछि पनि उच्च प्रतिफलका रूपमा दिन्छौँ। नेपाल सरकारले दिएको जिम्मेवारीअनुसार नै योगदानमा आधारित निवृत्तिभरण कोष सञ्चालन गरिरहेका छौँ। योगदान नगरेका (ननकन्टिब्यूटरी)लाई पनि कसरी सेवा दिन सकिन्छ भनेर अन्तर ष्ट्रिय निकायहरूसँग मिलेर अध्ययन गरिरहेका छौँ । सामाजिक सुरक्षाका कार्यक्रममा दुर्घटनाको क्षतिपूर्ति, उपचार सहयोग, मृत्युपर्यन्त आश्रित परिवारलाई हामीले सहयोग गरेका छौँ। सुत्केरी हुँदा महिला सञ्चयकर्तालाई हामीले सहयोग गरेका छौँ । त्यसको लाभ पुरुषले पनि पाउनुभएको छ । औषधि उपचार शोध भर्ना कार्यक्रम पनि अगाडि बढिरहेको छ। दीर्घरोग लागेको अवस्थामा रु १० लाख र अस्पताल भर्ना भएको अवस्थामा रु एक लाख उपलब्ध गराएका छौँ । नेपाल सरकारले यो व्यवस्था सञ्चयकर्ताको श्रीमतीलाई पनि उपलब्ध गराउन गरेको आग्रहअनुसार दिनसक्ने गरेर अगाडि बढाएका छौँ। आगामी दिनमा यो सुविधा परिवारसम्म पुऱ्याउने लक्ष्य राखेका छौँ । सञ्चयकर्तालाई सामाजिक सुरक्षा प्रदान गर्ने र स्वास्थ्य शिक्षामा सहजीकरण गर्ने काममा कोष केन्द्रित भएर लागिपरेको छ। बीमाका आफ्ना खालका नियम हुन्छन्, तर हामीले नेपालभर नै सरकारी निकायमा दर्ता भएका स्वास्थ्य संस्थामा उपचार गराए पनि उपचार खर्च प्रदान गरेका छौँ। हामीले फराकिलोरूपमा यो कार्यक्रम चलाएका छौँ । हाम्रो उद्देश्य भनेकै सञ्चयकर्तालाई अधिकतम के दिन सकिन्छ भन्ने नै छ। कुनै कार्यक्रम अगाडि बढाइसकेपछि त्यसलाई फिर्ता लिन सकिँदैन । त्यसकारण कार्यान्वयनमा जानुभन्दा पहिल्यै हामीले प्रशस्त अध्ययन र गृहकार्य गरेर मात्रै सार्वजनिक गरेका छौँ। नयाँ उद्यम गर्न चाहेनेले सहजरूपमा ऋण लिन नसकेको अवस्था छ। चर्को ब्याजदरका कारण आम नागरिक प्रताडित भएको, ऋण नै तिर्न नसक्ने अवस्था पनि छ।

**प्र. यो सन्दर्भमा कोष जस्ता संस्थाले ब्याजदर नियन्त्रणका लागि बजारमा हस्तक्षेप गर्न सक्थ्यो ?**

- यहाँले यो प्रयास गर्नुभएन भन्ने गुनासो पनि सुनिन्छ नि । ब्याजका सन्दर्भमा हामीले पक्कै पनि हस्तक्षेप गर्न सक्थ्यौँ । हामी राज्यका त्यससँग सम्बन्धित निकायहरूसँग सहकार्य गरेर अगाडि बढ्नुपर्छ। हामी पनि विद्यमान वित्तीय प्रणाली भन्दा बाहिर त छैनौँ । बैंकिङ प्रणालीको नियमन गर्नका लागि नेपाल राष्ट्र बैंक छ । अर्थ मन्त्रालय पनि छ। हामी आफैँ एक्लैलेभन्दा पनि ती संस्थासँग सहकार्य गरेर तरलता, ब्याजदर निर्धारणमा हामीले भूमिका खेलिरहेका छौ । ब्याजदर घटाउने र बढाउने भन्ने सन्दर्भमा हामीले ठूलो संस्थागत निक्षेपकर्ताको हिसाबले भूमिका खेल्न सक्थ्यौँ। तर, हामीले अर्थ मन्त्रालय र नेपाल राष्ट्र बैंकसँग सहकार्य गर्‍यौँ । सोही अनुसार हामीले भूमिका खेल्यौँ । हामीलाई फरक तरिकाले हेर्नुपर्नेमा एउटै बास्केटमा राखेर हेर्ने गरिएको छ। राज्यको वित्तीय प्रणालीमा यति ठूलो भूमिका भएकाले हामीलाई अलिक फरक तरिकाले हेरिदिए हुन्थ्यो भन्ने लाग्छ । तर, आमरूपमा त्यसो गरिएको छैन। त्यसमा हाम्रो पनि गुनासो नै छ । पछिल्ला दिनमा संस्थागत निक्षेपकर्तालाई दुई प्रतिशत कम ब्याज दिने भन्ने विषयमा हाम्रो असन्तुष्टि छ । किनकी, हाम्रो त त्यो नै लगानी हो । अरु निकायहरू अरु नै प्रयोजनका लागि खडा भएका वा जुन प्रयोजनका लागि पैसा ल्याएको हो, त्यो नगरी मुद्दती निक्षेपमा राखेर ब्याज मात्रै लिने गरेका छन् । त्यस्ता संस्थाहरूसँग हामीलाई दाजेर हेर्न भएन भन्ने हाम्रो भनाई हो। हामीले यो विषयलाई औपचारिक वा अनौपचारिक रूपमा उठायौँ पनि। हामी राज्य भन्दा बाहिर गएर काम गर्न सक्दैनौँ, जुन सबैमा विदितै छ।

**प्र. क वर्गमा ठूला वाणिज्य बैंकमा कोषको लगानी पनि छ , संस्थागत निक्षेप पनि छ । त्यस हिसाबले तपाईहरूले गर्नुपर्ने काम नगरेको भन्ने आरोप लागेको छ ? तपाईहरू लाग्दा त बजारमा हस्तक्षेप हुन सक्थ्यो, ध्यान नदिएको जस्तो लाग्दैन ?**

- हामी नेपाल सरकार, अर्थ मन्त्रालयअन्तर्गत रहेको संस्था भयौँ । बैंक तथा वित्तीय संस्थालाई नेपाल राष्ट्र बैंकले नियमन गर्छ, जुन यहाँलाई थाहै छ । नाफामुखी बैंक र सामाजिक दायित्व पूरा गर्ने संस्थालाई एकै हिसाबले हेर्दा ब्याजदर नियन्त्रणमा हामीले काम गर्न नसकेको सही हो । यसमा हामी मात्रै छैनौँ, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष, बीमा संस्थान जस्ता संस्था पनि छन् । संस्थागत निक्षेपकर्ता भनेका यी संस्था नै हुन् । ब्याजदर प्रभावित गर्न यी संस्थाले पहल गर्न सक्थे । आमरूपमा हेर्दा स्वतन्त्र बजार जस्तो, तर सारमा हेर्दा कही न कही एकाधिकार रहेको छ। हाम्रो जस्ता संस्थामा दुई प्रतिशत ब्याजदर कम गर्दा त्यसबाट पर्ने प्रभाव अर्को नै हुन जान्छ । त्यसको लाभ बैंक तथा वित्तीय संस्थाले लिने भए। यताको निक्षेप उता जाने भयो । हाम्रो बैंक तथा वित्तीय संस्थामा रु एक खर्ब ३० अर्ब बराबरको कोष छ। नागरिक लगानी कोषको पैसा, सामाजिक सुरक्षा कोषको पैसा पनि उत्तिकै छ। तर, हाम्रो पैसा निजी क्षेत्रका बैंकमा गएर प्रतिफल अरुले नै पाउने अवस्था पनि आयो।

**प्र. कोषमा जम्मा भएको निक्षेप निकालेर बढी ब्याजका लागि बैंक तथा वित्तीय संस्थामा पैसा राख्ने प्रवृत्ति पछिल्ला दिनमा ह्वात्तै मौलाएको थियो । यसलाई रोक्न एक खालको संयन्त्र आवश्यक पऱ्यो भन्ने चर्चा पनि यसबीचमा चलेको थियो। केही प्रगति भएको छ ?**

- कोषबाट पैसा निकालेर बढी ब्याजका लागि बैंक तथा वित्तीय संस्थामा राख्ने क्रम बढेको विषय एकदमै सही हो । ऋण लिएर राख्दा पनि चार प्रतिशतसम्म नाफा हुने अवस्था आयो । एकै दिनमा पचास करोड बराबरको रकम नै झिकिने अवस्था पनि आयो । यो प्रक्रिया दुई तीन महिना नै चल्यो । अवकाश कोषका लागि जम्मा भएको पैसा यसरी झिक्न थालिदा पुँजी निर्माण हुन पाएन। त्यसरी झिकिएको पैसा दैनिक उपभोगमा समेत खर्च भयो। बैंक तथा वित्तीय संस्थामा पनि थोरै मात्र पैसा जम्मा भयो । तरलता अभाव हुनुको पछाडि पनि त्यसले काम गरेको थियो। कोषको पैसा झिकेर निजी बैंक तथा वित्तीय संस्थामा राखेर नाफा खाने काम गर्नु भएन। हामीले अर्थ मन्त्रालयलाई भन्यौँ । एउटा अध्ययन पनि भयो । केन्द्रीय बैंकलाई पनि हामीले भन्यौँ।

**प्र. सामान्यतया, कोषले नयाँ आर्थिक वर्ष सुरु भएपछि सञ्चयकर्ताका लागि ब्याजदर निर्धारण गर्छ । चालु आवका लागि कोषले के कस्ता प्रबन्ध गरेको छ ?**

- हामीले ब्याजदर निर्धारण गरिसकेका छौँ। हामीले आर्थिक वर्षको सुरुमा नै लिने पनि दिने पनि दुवैको ब्याजदर निर्धारण गर्छौं। अहिले हामीले सार्वजनिक गरेका छौँ। हामीले ब्याजदर घटाउका छौँ । हामीले शुन्य दशमलव पाँच प्रतिशत लिने दिने दुवैमा घटाएका छौँ । सञ्चयकर्तालाई हामीले सात दशमलव पाँच प्रतिशत ब्याज दिन्छौँ । अन्त्यमा एक प्रतिशत थप गर्छौं। समग्रमा आठ दशमलव पाँच प्रतिशत बराबर पर्न जान्छ। लिनेमा थप एक प्रतिशतको स्प्रेड दर कामय गरेका छौँ।

**प्र. सञ्चय कोष नेपालको ठूला भौतिक पूर्वाधार विशेष गरी जलविद्युत् क्षेत्रमा लगानी गर्ने एउटा ठूलो संस्था हो । त्यसमा भएको लगानी के कत्ति जोखिमयुक्त छ ? कसरी मूल्यांकन गर्नुभएको छ ?**

- नेपालको ऊर्जा क्षेत्रमा संस्थागत रूपमा सबैभन्दा धेरै लगानी गर्ने संस्थाको रूपमा कोष रहेको छ। यो हाम्रा लागि गौरवको विषय पनि हो । सुरुमा हामीले चिलिमेमा लगानी गरेका थियौँ । त्यस्तै तामाकोशीमा रु २२ अर्ब बराबरको लगानी भएको छ । आयोजनामा लगानी बढ्दा हाम्रो लगानी पनि बढ्न गयो । अघिल्लो वर्षको चैतदेखि नियमितरूपमा माथिल्लो तामाकोशीले किस्ता तिर्न थालेको छ । १५ वर्षमा पूरा पनि गर्ला । चिलिमेको अन्य आयोजना पनि निर्माणको अन्तिम चरणमा छ । पूर्वाधार क्षेत्रमा हामी नै सबै भन्दा ठूलो संस्था हौँ । हामीले झण्डै रु ७३ अर्ब बराबरको लगानी गरेका छौँ। पछिल्लो पटक तामाकोशी पाचौँमा पनि कोषले लगानी सम्झौता गरेको छ। माथिल्लो तामाकोशीले हालसम्म रु तीन अर्ब २० करोड बराबरको कित्ता भुक्तानी गरेको छ । यस्तै झण्डै आठ सय मेगावाट बराबरका आयोजनामा हामीले लगानी गरेका छौँ । माथिल्लो अरुण, बूढीगण्डकी जस्ता ठूला आयोजनामा पनि लगानी गर्न चाहिरहेका छौँ । त्यसका लागि छलफल भइरहेको छ । कोष आफैँले चार सय ३९ मेगावाट क्षमताको बेतन कर्णाली जलविद्युत् आयोजना निर्माण गर्ने अन्तिम तयारी गरिरहेको छ । हाम्रो लगानी भएका आयोजनाको प्रसारण लाइन निर्माणमा जटिलता छ। बिक्री हुन नसक्ने पो हो कि भन्ने चिन्ता पनि छ। यस कारणले पनि केही पुनःमूल्याङ्कन गर्नुपर्ने हो कि भनेर सञ्चालक समितिमा छलफल भएको छ।

**प्र. कोषले नेपाल वायु सेवा निगममा पनि लगानी गरेको छ । जहाज खरिदका लागि उपलब्ध गराइएको ऋणको किस्ता समयमा निगमले तिर्न सकेन भनेर बेला बखतमा चर्चा हुने गरेको छ । अवस्था साँच्चै खराब नै भएको हो कि के छ ?**

- वायुसेवा निगमका चार वटा विमानमध्ये तीन वटामा हामीले ‘फाइनान्सिङ’ गरेका छौँ । हामीले रु २२ अर्ब जति लगानी गरेका छौँ। त्यो ऋण बढेर रु २९ अर्ब जति पुगेको छ। कोरोनाका कारण उसले ऋण तिर्न सकेन। पछिल्ला दिनमा निगमले तीन पटक हाम्रो ऋण तिरेको छ । निगमको दायित्व लगातार बढीरहेको छ। हामीले छलफल गर्दा तिर्न सक्दैनौँ भन्नुहुन्छ । अर्कातर्फ नयाँ जहाज खरिदमा लाग्नुभएको छ। यो अलिक मिल्दो भएन। निगमलाई अगाडि बढाउन जहाज चाहिन्छ । निगममा पारदर्शीता आवश्यक छ । सरकारले सुनिश्चितता गरेको ऋण भएका कारण पनि उहाँहरूले चासो नदिएको हो कि भन्ने लाग्छ । पछिल्ला दिनमा हामीले ऋण तिर्‍यौँ भनेर जसरी उहाँहरूले प्रचार प्रसार गरिरहनु भएको छ, त्यसमा मलाई अचम्म लागेको छ । हामीलाई नियमित रूपमा पूरा किस्ता तिर्नुभएको छैन। अर्कोतर्फ हामीले तिर्‍यौँ भनेर प्रचार गराउनुभएको छ । यस्तै, नयाँ जहाज खरिदको प्रक्रिया अगाडि बढाएको पनि भनिएको छ। यो एक आपसमा मिल्दो विषय भएन । हाम्रो ऋण ‘प्रोभिजनिङ’ हुँदा सञ्चयकर्ताले प्राप्त गर्ने लाभ प्रभावित भएको छ । हामीले लगातार पहल गरेपनि निगमले पारदर्शीता देखाउन सकेको छैन, वास्तविकता यही हो।

**प्र. नेपाल वायुसेवा निगमले नयाँ जहाज खरिद गर्ने प्रक्रियामा पुनःऋणका लागि कोषमा आएको खण्डमा प्रक्रिया अगाडि बढाउनु हुन्छ कि हुँदैन ?**

- निगमको हालको अवस्थामा नैतिक हिसाबले ऋण माग्न आउन सक्ला भन्ने मलाई लाग्दैन । र, मलाई लाग्छ नेपाल सरकारले पनि ऋण देऊ भन्दैन होला । हालको सञ्चालन अवस्थामा निगमलाई हामी ऋण दिन सक्दैनौँ । यसमा म कुनै पनि सम्भावना देख्दिन । सुरुमा उहाँहरूले राम्रै गर्नुभएको थियो । सरकारको आवश्यकता हेरेर, हामीले दोस्रो पटक वाइडबडी जहाज खरिदका लागि पुनःऋण दिएको हो । निगममा फेरि पनि भन्छु, पारदर्शिता छैन। महालेखा परिक्षकले हामीलाई पटक पटक प्रश्न उठाइरहेको छ। त्यसकारण अब थप ऋण दिन सकिँदैन।

प्र. जुन उद्देश्यका साथ कोषले बेतन कर्णाली जलविद्युत् आयोजना सुरु गरेको थियो, त्यसमा कुनै प्रगति भएको छैन । कम्पनीमा अध्यक्षले राजीनामा दिएर हिँड्नुभयो, प्रमुख कार्यकारी अधिकृतले घरायसी कारण देखाएर छाड्नुभयो । समग्रमा आयोजना नेतृत्वविहीन अवस्थामा रहेको छ ? अब कसरी सम्हालेर आयोजना अगाडि बढाउनुहुन्छ ?

- हामीले सञ्चयकर्ताका लागि नगदमा दिएको सुविधा थोरै हुन्छ। सो सुविधालाई गुणात्मक रूपमा अगाडि बढाउने उद्देश्यका साथ २०७४ सालमा सो कम्पनी स्थापना गरेका हौ। सो आयोजना तत्काल निर्माणमा जाने अवस्थामा छ । अध्यक्ष, प्रमुख कार्यकारी अधिकृतले राजीनामा दिनुभयो । हामीले सञ्चालक समितिमा छलफल गरिरहेका छौ। अब अल्पकालीन हिसाबले छलफल गरेर हुँदैन। दीर्घकालीन सोचका साथ अगाडि बढाउनका लागि दिगो रूपमा काम गर्ने व्यक्तिको खोजी गरिरहेका छौ। हामीले सरोकारवालाहरूका बीचमा छलफल गरिरहेका छौँ । सञ्चालक समितिले पूर्णता पाएको छ । प्रमुख कार्यकारी अधिकृतको खोजी भइरहेको छ।

**प्र. एउटा सामान्य सञ्चयकर्ताले बेतन कर्णाली जलविद्युत् आयोजनामा हालसम्म गरिएको लगानीको प्रतिफल कहिले पाउँछौँ भनेर प्रश्न गरेको खण्डमा तपाईंको जवाफ के हुन्छ ?**

- जलविद्युत् क्षेत्रमा गरिएको लगानीले तत्काल प्रतिफल दिन सक्दैन। त्यसका लागि पहिलो चरणमा अध्ययन गर्नुपर्छ । प्राविधिकरूपमा तयारी गर्नुपर्छ । हामीले समय र लगानी तोकिएको हिसाबमा नै सक्नुपर्छ भनेर अध्ययनमा जोड दियौँ । आजका दिनमा आयोजनास्थलमा सडक पुगेको छ। पूर्वतयारीको काम भइरहेको छ। मुआब्जा वितरणको काम सुरु हुने चरणमा छ। हामी तत्काल नै निर्माणमा जाने तयारीमा छौँ । सकेसम्म चालु आवको अन्त्यसम्म नै आयोजनाको निर्माण सुरु गर्ने तयारी भएको छ । तर, पछिल्ला दिनमा अध्यक्ष र प्रमुख कार्यकारी अधिकृतका कारण समस्या भएको हो। यसलाई स्वीकार गर्छु। अब भने यसमा कुनै समस्या हुनेछैन । अब ठेकेदार र परामर्शदाता नियुक्तिका लागि सबै कागजात तयार भएको छ। चालु आवको अन्त्यसम्म एउटा अवस्थामा हामी आयोजनालाई पुऱ्याउँछौँ।

**प्र. कोषले आम सञ्चयकर्ताको हितका नयाँ कार्यक्रम के ल्याउँदैछ ?**

- ठूलो संस्था हुनु र आम सञ्चयकर्ताले विश्वास गरेकाका कारण पनि यही बजारको दायराभित्र बसेर हामीले काम गर्नुपर्छ । हामीले नयाँ खालको ऋणको कार्यक्रम अगाडि बढाएका छौँ । घर सापटी, शैक्षिक कर्जाजस्ता कार्यक्रम ३२ जिल्लामा मात्रै लागू भएको छ। त्यसलाई अरु जिल्लाहरूमा विसतार गर्ने सोचमा छौँ। हामीले कोषको सहायक कम्पनीमार्फत आवासको योजना अगाडि बढाएका छौ । भरतपुरमा एक सय २९ वटा घर बनाएर कर्मचारीलाई उपलब्ध गराउन खोजेका छौँ । नेपाल सरकार र स्थानीय सरकारसँग मिलेर आवास योजना अगाडि बढाउन खोजेका छौ । पूर्व मुख्यसचिव लीलामणि पौड्याल संयोजकत्वको कार्यदलले पनि आवासको विषयलाई सम्बोधन गर्ने विषय समावेश गरेको छ । कर्मचारी सञ्चय कोषले कर्मचारीको आवासका रूपमा यसरी जान सक्छ भनेर सिफारिस गरेको छ। यसमा हामीले आफैँले जग्गा खरिद गर्न भने सक्दैनौँ। त्यसको सहजीकरणका लागि स्थानीय सरकारले सहयोग गर्नुपर्छ। जग्गा पुलिङ गरिदिएको खण्डमा काम गर्न सकिन्छ । पाइलट प्रोजेक्टका रूपमा हामीले काम गर्न खोजेका छौ । लुम्बिनी प्रदेशको राजधानी भालुवाङमा हामीले काम गर्न खोजेका छौँ । त्यहाँ कर्मचारीलाई आवश्यक आवास योजना सञ्चालन गर्न खोजिएको छ। घरजग्गामा गरिने लगानीलाई अनुत्पादक लगानीका रूपमा लिइन्छ।

**प्र. कोष जस्तो संस्था किन यस्तो क्षेत्रमा लगानी गर्न लालायित भयो भन्ने प्रश्न पनि उठन सक्छ ?**

- तपाईको उत्तर के रहन्छ यसमा। हामीले व्यापारिक हिसाबले किनबेच गर्न खोजेको होइन। सरकारले दिएको जग्गामा आवास बनाउँछौँ । त्यसमा कर्मचारी बस्छन् । जसरी अहिले कर्मचारीको तलबबाट कोष कट्टी हुन्छ, त्यसैगरी तलबबाटै पेसा काटिने व्यवस्था गरिन्छ । कर्मचारी हुँदासम्म उहाँहरू त्यो घरमा बस्न पाउनुहुन्छ। पछि उहाँहरूले आफै लिन पनि पाउनुहुन्छ। त्यसका लागि केही कानुनी व्यवस्था गरिन्छ । सिङ्गापुरमा यही मोडलमा कर्मचारीलाई आवास उपलब्ध गराइएको छ। त्यहाँ ८० प्रतिशत बढी कर्मचारीलाई सिङ्गापुर प्रोभिडेन्ड फण्डले आवास उपलब्ध गराएको छ। हामीले पनि सोही मोडलको अध्ययन गरेर व्यवस्थितरूपमा आवास उपलब्ध गराउन खोजेका हौ। यसका लागि कोष आफैँले एक्लै गर्न सक्दैन। सरोकारवाला सबै लाग्नुपर्छ। केही स्थानीय निकायले चासो देखाएका छन्।

**प्र. अन्त्यमा, केही भन्न बाँकी छ ?**

- कोषले गरिरहेका काम कारबाही पूर्ण र व्यवस्थित रूपमा आम सञ्चयकर्ता समक्ष पुऱ्याउन नसकेको अवस्था छ । सबै सञ्चयकर्ता प्रविधिमैत्री हुनुहुन्न । उहाँहरूले कोषले गरिरहेको सबै काम कारबाही थाहा पाउनु भएको छैन। यो अवस्थामा कोषको समग्र गतिविधि र सञ्चयकर्ताका बीचमा रहेको द्विविधिको सम्बोधन गर्ने अवसर प्रदान गर्नुभएकामा म राससलाई धन्यवाद दिन चाहन्छु।

> ***नेपालको ऊर्जा क्षेत्रमा संस्थागत रूपमा सबैभन्दा धेरै लगानी गर्ने संस्थाको रूपमा कोष रहेको छ। यो हाम्रा लागि गौरवको विषय पनि हो। सुरुमा हामीले चिलिमेमा लगानी गरेका थियौँ। त्यस्तै तामाकोशीमा रु २२ अर्ब बराबरको लगानी भएको छ। आयोजनामा लगानी बढ्दा हाम्रो लगानी पनि बढ्न गयो। अघिल्लो वर्षको चैतदेखि नियमितरूपमा माथिल्लो तामाकोशीले किस्ता तिर्न थालेको छ। १५ वर्षमा पूरा पनि गर्ला। चिलिमेको अन्य आयोजना पनि निर्माणको अन्तिम चरणमा छ। पूर्वाधार क्षेत्रमा हामी नै सबै भन्दा ठूलो संस्था हौँ। हामीले झण्डै रु ७३ अर्ब बराबरको लगानी गरेका छौँ। पछिल्लो पटक तामाकोशी पाचौँमा पनि कोषले लगानी सम्झौता गरेको छ।***

# मधेशमा दाहाको रौनक

बाला खुद्दार

जनकपुरधाम । तराई मधेशकाजिल्लाहरुमाइस्लामधर्मावलम्बीले मोहरममा आयोजना गर्ने ताजिया (दाहा) मेलाको रौनक देखिएको छ । इस्लाम धर्मका लागि ज्यानको आहुति (बलिदानी) दिने हजरत इमामे हसन र हजरत इमामे हुसेनको सम्झनामा मुस्लिम समुदायहरु इस्लामिक महिना मोहरममा ताजिया (दाहा) मेलाको आयोजना गर्दै आएका छन् ।

दाहा मेला मुस्लिम समुदायले लगाए पनि त्यसमा हिन्दू समुदायका व्यक्तिहरु उल्लेखनीय संख्यामा सहभागी हुने गर्छन् ।



जनकपुरधाम उपमहागरपालिका बन्धी, लक्ष्मीनियाँ गाउँपालिकाको सपही, महोत्तरीको विजलपुरा लगायतका ,स्थानमा ठूला दाहा मेलाको आयोजना गरिएको छ । ताजिया बनाउने चलन नेपाल,भारत, पाकिस्तान, बगंलादेशसहितका मुलुकहरुमा रहेको छ।

दाहा मेलामा मुस्लिम समुदायका युवाहरुले विभिन्न प्रकारका कलात्मक खेलहरु प्रदर्शन गर्छन् भने महिलाहरुले इमामे हसन हुसेनको सम्झनामा गीत गाउने गर्छन । तर पछिल्लो समय महिलाहरुले गीत गाउने चलन हराउँदै गएको छ । मेलाको अन्तिम राम्रो खेल प्रदर्शन गर्ने खेलाडीहरुलाई तगमा(शिल्ड) वितरण गर्ने चलन रहेको छ।

मोहरम महिनाको नौ औँ दिन (शुक्रबार) पहिलो दिन मेलाको अन्य गाउँमा गएर खेलाडीहरुले खेल प्रदर्शन गरेका छन् भने दोस्रो दिन आफ्नै गाँउकै मैदानमा गइ खेलतमासा गर्छन् ।

सो स्थानलाई मुस्लिमहरुले करवला भन्ने गर्छन् । करवलामा दुई वा दुई भन्दा बढी ताजियाको मिलान अर्थात जोडा लगाइने चलन रहेको छ । इस्लामिक क्यालेण्डर अनुसार अहिले मोहरम महिना चलिरहेको छ । मोहरम इस्लामिक क्यालेण्डरको पहिलो महिना हो । मोहरम महिना इस्लामिक क्यालेडर अनुसार नयाँ वर्षको पहिलो महिना पनि हो । यो महिनामा नै इस्लाम धर्मका प्रवक्ता हजरत मोहम्मद पैगम्बरका नाति हजरत हसन र हुसैनले इस्लाम धर्मको संरक्षणका लागि आफ्ना ज्यानका आहुति (बलिदानी)दिएका थिए ।

हजरत हसन र हुसैनले यहुदीहरुबाट धर्म संरक्षणको लडाइमा शहिद भएका कारण उनीहरुकै सम्झनामा मुस्लिम समुदायले मोहरममा महिनामा तजिया बनाएर गम अर्थात दुःख मनाउने गर्छन ।

खेलतमासा वा दाहा नै बनाए हसन हुसेनलाई सम्झनु गलत रहेको भन्दै इस्लामिक धर्मगुरु अहमद हुसेनले भने,' खेलतमासा उचित होइन । इस्लामले मोहरममा खेलतमासाको अनुमति दिदैन् । बरु यो महिनामा बढी भन्दा बढी धार्मिक तथा पुण्यको काम जस्तै रोजा बस्ने, फातिहा गर्ने, मिलादसहितको आयोजना गर्दा झन राम्रो मानिन्छ ।'

# अश्लील हर्कत गरेर टिकटक बनाउने यादव पक्राउ

टुडे समाचारदाता

जनकपुरधाम । धार्मिक स्थलमा अश्लील हर्कत गर्ने एकजना टिकटकरलाई धनुषा प्रहरीले पक्राउ गरेका छन् । प्रहरीले जानकी मन्दिरको विवाहमण्डमा अश्लील हर्कत गरी भिडियो बनाएर टिकटोकमा अपलोड गर्ने एकजनालाई पक्राउ गरेको छ ।



पक्राउ पर्नेमा धनुषाको औरही गाउँपालिका -६ का १८ वर्षीय अनिरुद्र यादव रहेको धनुषाका प्रहरी नायव उपरीक्षक वेदप्रसाद गौतमले जानकारी दिए । अनिरुद्र केही दिनअघि विवाह मण्डपमा एक युवतीसँग अश्लील हर्कत गरिँदै भिडियो बनाएर टिकटोकमा अपलोड गरेपछि उनलाई शुक्रबार प्रहरीले पक्राउ गरेको छ ।

धनुषा प्रहरीलाई स्थानीय मन्दिर प्रशासन, युवाहरूले समेत सामाजिक संजालबाटै विरोध गरेपछि उनलाई पक्राउ गरिएको छ । पक्राउ परेका अनिरुद्रमाथि अभद्र व्यवहार मुद्दा दर्ता गरिएको प्रहरी नायव उपरीक्षक गौतमले जानकारी दिएका छन् ।

प्रहरीका अनुसार टिकटको भिडियोमा देखिएको युवती र भिडियो खिच्नेको खोजी भइरहेको छ । धार्मिक स्थल रहेको विवाहमण्डप प्रवेशसहित मोबाइल, क्यामेरामा प्रतिबन्ध नरहेको कारण विभिन्न समयमा यस्ता अश्लील हर्कतका भिडियोहरु सार्वजनिक हुँदै आएको छ ।

# कालो बजारीको आरोपि पक्राउ

टुडे समाचारदाता

राजविराज । सप्तरी प्रहरीले कालो बजारी गरेको आरोपमा एक जनालाई पक्राउ गरेको छ ।



जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी नरेश कुमार सिंहका अनुसार पेट्रोलको कालो बजारी गरेको आरोपमा शुक्रबार राजविराज नगरपालिका ९ का किराना पसल संचालक गुलाम मियाँ पक्राउ परेका छन् ।

५० वर्षीय व्यवसायी गुलामले एकातिर पेट्रोल बिक्री वितरण गर्ने अनुमति नलिएको अर्को तिर मिसाबट गरी बोतलमा राखेर मनपरी मूल्यमा उपभोक्तालाई बिक्री वितरण गरेको पाइएकोले नियन्त्रणमा लिएको डिएसपी सिंहले जनाएका छन् ।

पक्राउ परेकोलाई कालो बजारी मुद्दा अन्तर्गत सप्तरी जिल्ला अदालतबाट म्याद थप गराइ आवश्यक अनुसन्धान थालिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# कर्मचारीको स्तर वृद्धि कानुन सम्मत नभएको ठहर

ओम प्रकाश यादव

गरुडा । रौतहटको गुजरा नगरपालिकाले आफ्ना छैठौं नगरसभाद्वारा गैरकानुनी रुपमा ४ जना कर्मचारीको स्तरवृद्धि गरेको पाइएको छ ।



नगरपालिकाले आफ्ना छुट्टै कानुन बनाएर एकै पटक चार जना कर्मचारीको गरेको स्तरवृद्धि कानुनसम्मत नभएको महालेखा नियन्त्रकको कार्यालय काठमाण्डुले जनाएको छ ।

कर्मचारी समायोजन ऐन २०७५ को दफा ६ बमोजिम अन्यत्रबाट स्थाइ नियुक्ति पाइ स्थानीय तहमा समायोजन भइ आएका कर्मचारीहरुको स्तर वृद्धि गर्ने कानुन नै निर्माण गरी २०७८ सालमा आफना छैठौं नगरसभाद्वारा गुजरा नगरपालिकाले नायव सुब्बा वीरेन्द्र राय यादवसहित चार जनाको एक एक तहमाथि स्तर वृद्धि गरेको पाइएको छ ।

तत्कालीन जिल्ला विकास समितिको कार्यालय गौरबाट स्थाइ नियुक्ति पाइ गुजरा नगरपालिकामा समायोजन भइ आएका नायव सुब्बा वीरेन्द्र राय यादव स्तर वृद्धिपछि नायव सुब्बाबाट छैठौं अधिकृतको रुपमा काम गर्दै उनले अधिकृतले पाउने सेवा सुविधासमेत पाउँदै आएका छन् ।

नगरपालिकाले कानुन नै निर्माण गरी उक्त कर्मचारीहरुको स्तर वृद्धि गरेको भए पनि महालेखापाल नियन्त्रकको कार्यालयका अनुसार नगरपालिकाले गैरकानुनी ढंगले चारै जना कर्मचारीको स्तर वृद्धि गरेको पाइएको छ ।

सो पालिकाले कर्मचारिको स्तर वृद्धि गर्दा अपनाउनुपर्ने अन्य कानुनी प्रक्रियाहरु नअनाएकोले उक्त कर्मचारीहरुकोस्तरवृद्धिनियमसंगत नभएको महालेखा नियन्त्रकको कार्यालयले जारी गरेको एक प्रतिवेदनमा उल्लेख छ ।

मधेश प्रदेश सरकारले पारित गरेको प्रदेश निजामति सेवा ऐनमा स्थानीय तहका कर्मचारीको सेवा सुविधा सम्बन्धी व्यवस्था उल्लेख छैन । यस्तै प्रदेश लोक सेवा आयोग ऐन २०७६ को दफा २ झ अनुसार स्थानीय सेवाको पदलाई प्रदेश सेवा पद भनी व्याख्या भएको र दफा ९ (२) खमा प्रदेश सेवाको पदमा बढुवा गर्दा अपनाउनुपर्ने सिद्धान्तको विषयमा प्रदेश लोक सेवा आयोगको परामर्श लिनुपर्ने उल्लेख छ ।

संविधानको व्यवस्था बमोजिम नगरपालिकाका कर्मचारी सम्बन्धी कानुनसमेत हालसम्म बन्न सकेको छैन ।

महालेखा नियन्त्रकको कार्यालयका अनुसार नगरपालिकाका कर्मचारीको सेवा सुविधा सम्बन्धी कानुन नै नबनेको अवस्थामा नगरपालिकाले कर्मचारीको स्तर वृद्धि गर्दा प्रदेश लोक सेवा आयोगको परामर्श अनिवार्य लिनुपर्ने थियो तर आयोगबाट कुनै परामर्श नै नलिइ आफूखुशी कानुन निर्माण गरी नगरपालिकाले चार जना कर्मचारीको गरेको स्तर वृद्धि कानुन सम्मत नभएको महालेखा नियन्त्रकको कार्यालयको निष्कर्ष छ ।

# जमिनमुनिको पानी पिउने कि खेत सिँचाइ गर्ने ?

ब्लग :



श्यामसुन्दर शशि

तराई मधेशमा अचेल गजवको द्विविधा उत्पन्न भएको छ । वाटर लेवल स्वातै घटेको छ । चापाकलमा पानी आउँदैन । इनार सुक्न थालेका छन् । मोटरबाट जमिनमुनिको पानी निकालेर किसान खेत रोप्न बाध्य छन् । यता खानेपानीको मुख्य स्रोत भनिएको चापाकलमा पानी आउन छाडेको छ । कस्तो द्विविधा ? जमिनमुनिको पानी पिउन प्रयोग गर्ने कि खेत सिँचाइ गर्ने ?

एक दशक अघिसम्म तराई मधेशका चापाकल र इनारमा बाह्रै महिना पानी हुन्थे । गाउँ गाउँ स्वचालित बोर्डिङ्ग हुन्थ्यो । नदी र खोलामा मनग्यै पानी हुन्थे । जसको प्रयोग खानेपानीदेखि सिँचाइसम्ममा गरिन्थ्यो । खडेरी पर्दा नदी,नालामा बाँध बाँधी सिँचाइ गरिन्थ्यो । नदीदेखि खेतसम्म पानी पुऱ्याउन स्थानीय किसानले बनाएको नहर (पैन) को अवशेष नभेटिने तराई मधेशका बिरलै गाउँ होलान् ।

पछिल्ला वर्षहरुमा जमिनमुनिको पानीको सतह निरन्तर घटदो छ । १ सय ५० फिटमा हुने चापाकल अचेल २ सय ५० फिटमा पनि हुँदैन । आर्सेनिकमुक्त पानीको खोजीमा हुनेखानेहरु ४ सय ५० फिट गहिरो चापाकल जडान गराउन थालेका छन् । यसो भन्नु पर्दा अब डेढसय फिट मुनिको पानीको मुहान सुकिसक्यो । २ सय ५० फिट मुनि पानीको मुहान घट्न थालेको छ । यही क्रम जारी रह्यो भन्ने आगामी दश वर्षभित्र ४ सय ५० फिटमुनि पनि पानी सुक्नेछ । अनि मरुभूमिकरण तर्फ अग्रसर तराई मधेश पूर्णतः मरुभूमि बन्नेछ । खाद्य संकटमात्र होइन, जलसंकट पनि उत्पन्न हुनेछ । खानेपानीको मुहान सुकेपछि पहाडका अनेकौ गाउँ विस्थापित भएको खबर हामीले पढे सुनेकै हौं ।

यद्यपि नेपालमा अहिले पनि खाद्यसंकट छ । आर्थिक वर्ष ०७७/७८ मा विदेशबाट ३ खर्ब २३ अर्बको खाद्यान्न आयात भएको थियो भने आ.व. ०७८/०७९ मा ४७.५७ अर्बको धान चामल, २०.४५ अर्बको मकै, ६.७३ अर्बको गहुँ तथा ३८.६८ अर्बको तरकारी विदेशबाट आयात भएको थियो । नेपालीहरूले कुल आम्दानीको ५३.८२ प्रतिशत खाद्यान्नको खरिदमा खर्च गर्नुपरेको र ४८ प्रतिशत घर धुरी खाद्यान्नको जोखिममा रहेको विभिन्न तथ्यांकले देखाएको छ ।

नेपालमा आयात हुने खाद्यान्नमध्ये झण्डै ९० प्रतिशत भारतबाट हुने गरेको छ । खडेरी परेको कारण भारतको धान उत्पादन प्रदेशमा गनिने विहार,उत्तरप्रदेश,पंजाव,हरियाना आदिमा धान उत्पादन न्यून हुने अनुमान गरेर भारत सरकारले वासमतीवाहेकको चामलको निर्यातमा रोक लगाएकोछ । भारतले चामल निर्यातमा रोक लगाउनुको सर्वाधिक प्रभाव नेपालमा पर्ने निश्चित छ । श्रावण मध्यसम्म नेपाल तराईमा पनि पानी परेको छैन । किसानहरु खडेरी पर्ने अटकल लगाउन थालेका छन् । सिँचाइको वैकल्पिक स्रोत भनिएको मोटरबाट पानी आउन बन्द भएको छ । अर्थात् नेपाल खाद्यान्न र खानेपानीको चरम शंकटमा पर्ने लक्षणहरु देखिन थालेको छ ।

तर विडम्बना, यस्तो विकराल समस्या राजनीतिक बहसको विषय बन्न सकेको छैन । पेयजल संकट समाधानको लागि नीति निर्मातालाई जिम्मेवार बनाइएको छैन । जीवन मरण जस्तो विषयमा आमनागरिकको चासो देखिएको छैन । मधेशीको भोट लिएर तीनै तहका जनप्रतिनिधिहरु मधेश काकाकुल हुँदा मौन बसेका छन् । जनकपुरमा चर्चाको विषय बनेको छ - जानकी मन्दिर अगाडिको पार्क (जसलाई अचेल फूलवारी भनिएको छ ) मा तरकारी किन रोपियो ? मन्दिर प्रांगणमा तरकारी रोप्नु भनेको जानकी मन्दिरको गरिमासंग खेलवाड गर्नु हो । तर झण्डै दुई विघामा क्षेत्रफलको जानकी मन्दिरको वास्तविक फूलवारी(जसमा उत्पादन हुने फूलले राम जानकीको पूजा हुन्थ्यो ) मा निजी नर्सिंग होम बन्दै गर्दा जनकपुरवासी यस्तै चासो लिएको भए आज जानकी मन्दिरमा पूजा गर्न अन्तबाट फूल ल्याउनु पर्दैन्थ्यो ।

उता काठमाण्डुको पत्रपत्रिका ललिता निवास जग्गा,एक क्विन्टल सुन तस्करी तथा नक्कली भुटानी सम्बन्धी विषयलाई मुख्य समाचार बनाउँदै छन् । संसदमा यही मुद्दा छाएको छ । खाद्य र पेयजल संकट राजनीतिकर्मीहरुको मुद्दा बन्न सकेको छैन ।



वातावरणविद्लाई मात्र होइन,तीनै तहका सरकारलाई पनि थाहा छ - जमिनमुनिको पानीको सतह घट्नुको कारण हो चुरे पर्वतको विनास । चुरेमा अवैध वस्ती विस्तार । मनपरि चरिचरन । जंगल कटानी । यद्यपि चुरेमाथिको अत्याचार राजा महेन्द्रकै कालदेखि सुरु भएको थियो । पूर्व-पश्चिम राजमार्गको निर्माण, सुकुम्बासीको नाममा चुरे फडानी गरेर जग्गा वितरण तथा पछिल्लो समय भोट बैंकको लालचमा अवैध रुपमा बसाइएका चुरेका वस्तीहरुमा खानेपानी, विजुली, स्कूल, अस्पतालको निर्माण ।

अचेल मुलुकमा तीन तहको सरकार छ । सबैसंग पर्याप्त वजेट छ । नीति नियम बनाउने अधिकार पनि छ । तर किन हो कुन्नी चुरे संरक्षणको नाममा मधेश सरकार संघीय सरकारलाई गाली गर्नवाहेक अरु केही गर्न सकेको छैन । फेरि चुरे संरक्षण भाषणले हुनेबाला छैन । यसको लागि दीर्घकालीन योजना र पर्याप्त बजेटको आवश्यकता छ । जो तीनै तहको सरकारको संयुक्त प्रयासलेमात्र सम्भव छ ।

# अतिक्रमित संरचना हटाइँदै

मनोज माझी

राजविराज । सप्तरीको राजविराजस्थित हटिया (हाट बजार) लाई व्यवस्थित बनाउन राजविराज नगरपालिकाले प्रहरीको सहयोगमा अतिक्रमण गरी बनाइएका घर, टहरा, पसल भत्काउन थालेको छ ।



नगरपालिकाले हटियाको चारैतिर १०/१० फिट अतिक्रमण गरी बनाइएका घर, टहरा र पसल लगायतका भौतिक संरचना शुक्रबारदेखि भत्काउन सुरु गरेको छ । दिउँसो ३ बजेतिर राजविराज नगरपालिकाका कार्यवाहक नगरप्रमुख इसरत परविन, वडा अध्यक्ष, कार्यपालिका सदस्य, कर्मचारी तथा ठूलो संख्या सशस्त्र र नेपाल प्रहरीको उपस्थितिमा तीन वटा डोजरको प्रयोग गरी अतिक्रमणबाट बनाइएको भौतिक संरचना हटाउन थालिएको छ ।

अतिक्रमित संरचना हटाउन नगरपालिकाले तीन दिने सूचना जारी गरेर पनि खाली नगरिएको संरचना डोजर लगाएर हटाउन सुरु गरिएको कार्यवाहक नगरप्रमुख परविनले बताइन् । तीन दिन अघि कार्यवाहक नगरप्रमुख परविन, प्रमुख जिल्ला अधिकारी भूपेन्द्र थापा, एसपी नरेन्द्रकुमार कार्कीलगायतको टोलीले हटिया क्षेत्र, सिरहा रोड, अदालत रोडको निरीक्षण गरी अवैध तरिकाले निर्माण गरी अतिक्रमण गरेको संरचना हटाउन सम्बन्धितलाई आग्रह गरेका थिए । आग्रह गर्दा पनि नहटाएपछि शुक्रबार डोजर लगाएर भत्काउन थालिएको छ । कार्यवाहक नगरप्रमुख परविनले यस अघि पनि तीन पटक सूचना जारी गरी अतिक्रमित स्थान खाली गर्न आग्रह गर्दा पनि अटेर गरेका कारण तीन दिन अघि अन्तिम पटक खाली गर्ने समय दिदा पनि खाली नगरिएकाले बाध्य भइ डोजर लगाउनु परेको बताइन् ।

यसअघि शुक्रबार विहान हटियावासीका तर्फबाट पत्रकार सम्मेलन गरी छोटो समय दिएर संरचना भत्काउन थालेको भन्दै आपत्ति प्रकट गरिएको थियो । हाटबजार संरक्षण संघर्ष समितिका संयोजक सन्तोष प्रसाद साहले हटियामा सपिङ कम्प्लेक्स निर्माण गर्न भनि नगरपालिकाले ७ वर्ष अघि सुरु गरेको निर्माण कार्य अहिलेसम्म अधुरो राखेका कारण पहिला त्यसलाई पूरा गरेर मात्र अतिक्रमण हटाउनुपर्ने बताएका थिए ।

उनले त्यत्रो ठूलो लगानी गरेर सपिङ कम्प्लेक्सको निर्माण गरिए पनि त्यसमा एउटा पनि शौचालय नरहेको गुनासो गरे । पत्रकार सम्मेलनमा संघर्ष समितिका सदस्य विन्देश्वर प्रसाद साह बिन्दीले सपिंङ कम्प्लेक्सको काम अधुरो राखिनाले पूरै हटिया क्षेत्र अस्तव्यस्त बन्न पुगेको बताए । उनले आफूहरु अतिक्रमित जग्गा खाली गराउन बाधक नरहेको स्पष्ट पार्दै पहिला हटिया कम्प्लेक्स पूर्ण रुपमा निर्माण हुनुपर्नेमा जोड दिएका थिए । सरोकारवालासित कुनै समन्वय नै नगरी एक्कासी ४८ घण्टे सूचना जारी गरी नगरपालिकाले एकपक्षीय रुपमा अघि बढ्न थालेको उनीहरुले आरोप लगाएका छन् ।

विहान पत्रकार सम्मेलन गरी आफ्नो धारणा सार्वजनिक गरेको केही घण्टापछि नै नगरपालिकाले वार्तामा बोलाएर आफूहरुलाई अल्झाएको तथा सोही समयमा व्यापक रुपमा सुरक्षाकर्मी परिचालन गरी डोजर चलाएर संरचनाहरु भत्काउन थालेको हटिया संघर्ष समितिका पदाधिकारीहरुले गुनासो गरेका छन् ।

# एडिबीले थप तीन अर्बको लगानी गर्दै




टुडे समाचारदाता

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिकामा एशियाली विकास बैंकको सहयोगमा दोस्रो चरणको परियोजना शुरु भएको छ ।

करीब ३ अर्बको लागतमा सुरु भएको अर्बन रजिलेन्स एण्ड लाइभेवलिटिइम्प्रुभमेन्टप्रोजेक्टअन्तर्गत २८ किलोमिटरमा फुटपाथसहितको सडक र ढलनालाको निर्माण हुने उपमहानगरपालिकाले जनाएको छ ।

यसका साथै जनकपुरधामको ऐतिहासिक तथा धार्मिक महत्वको रत्नसागर पोखरीसहित सो क्षेत्रको पर्यटकीय स्थलको रुपमा सौन्दर्यकरणमा खर्च गरिने उपमहानगरपालिकाका इन्जिनियर वीरेन्द्र कुमार यादवले जानकारी दिए ।

कार्यक्रममा जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोज कुमार साहले जनकपुरधाम-ढल्केवर सडक खण्डको पश्चिमको भागमा निर्माण हुन बाँकी रहेको परिक्रमा सडक, रामानन्द चोकदेखि कुर्था जाने परिक्रमा सडक, बजरङ्ग चोकदेखि वाल्मीकि चोक हुँदै सीताकुण्ड भएर परिक्रमा सडक, आँखा अस्पतालदेखि वाल्मीकि प्रहरी चौकीको सडकको पुर्ननिर्माण तथा सौन्दर्यकरण गरिने बताए । परियोजनामा एशियाली विकास बैंकले प्रदान गरेको रकम नेपाल सरकारमार्फत ७५ प्रतिशत, जनकपुरधाम उपमहानगरपालिकाको म्याजिक फन्ड ७ प्रतिशत र १८ प्रतिशत नागरिक लगानी कोष मार्फतको सफ्ट लोनबाट पाँच वर्षमा परियोजनाको काम सम्पन्न हुने जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख साहले जानकारी दिए । सफ्ट लोन योजना सम्पन्न भएको १५ वर्षमा फिर्ता हुने गरी त्रिपक्षीय सम्झौता भएको जनाइएको छ ।

परियोजनाको म्याद २०२३ देखि २०२८ सम्म तोकिएको छ । उपमहानगरपालिकाले चार अर्ब प्रस्ताव गरेकोमा सडक, ढलनाला र तालतलैया सौन्दर्यकरणदेखि पर्यटन विकास र सरसफाइमा पनि खर्च हुने बताइएको छ ।

# मण्डलको हत्या

टुडे समाचारदाता

राजविराज । सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका- ७ मंसापुरमा एक युवाको हत्या गरिएको छ । हनुमाननगर कंकालिनी नगरपालिका- १० इनर्वा घर भइ काम विशेषले मंसापुर पुगेका २१ वर्षीय तिर्थनारायण मण्डलको युवाहरुको एक समूहद्वारा कुटपिट गरी हत्या गरिएको छ ।

प्रहरीका अनुसार शुक्रबार एकाबिहान उनको मृत शरीर मंसापुर टोलस्थित एकान्त स्थलमा हिलोमाटोले लतपतिएको अवस्थामा फेला परेको छ । उनको शरीरको विभिन्न भागमा चोटपटक देखिएको घटनास्थलमा पुगेका प्रहरी उपरीक्षक नगरेन्द्र कुमार कार्कीले जानकारी दिए । घटनाका बेला तीर्थनारायणसँगै रहेका उनका साथी २० वर्षीय अजय मण्डल पनि ती युवाहरुको कुटाइबाट गम्भीर घाइते भएका छन् । उनको स्थानीय छिन्नमस्ता अस्पतालमा उपचार भइरहेको छ ।

घटनामा संलग्नहरुको खोजीकार्य भइरहेको प्रहरी उपरीक्षक कार्कीले बताए । केटी साथी तथा लागूऔषधको विषयमा दुई समूहबीच विवाद भएको र एक पक्षको कुटाइबाट तिर्थनारायणको मृत्यु भएको भन्ने कुरा गाउँलेहरुबाट आएको छ उनले भने, दुबै कोणबाट अनुसन्धान थालेका छौं ।

लामखुट्टेबाट सर्ने रोगबाट बचौं ।

- लामखुट्टेको टोकाईबाट औलो (मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लाग्न सक्दछ ।
- त्यसैले लामखुट्टेबाट बच्न आवश्यक उपायको अवलम्बन गरौं ।
- घरवरीपरी पानी जम्न नदिऔं ।
- घर तथा गोठ वरीपरी सफा सुग्घर राखौं ।
- गोठ तथा खोर घरभन्दा टाढा राखौं ।

लामखुट्टेको टोकाईबाट बचौं र बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८